# कोटहीमाई गाउँपालिकाको

# गाउँ शिक्षा क्षेत्र योजना

**(२०८१/२०८२ –२०९०/२०९१)**

**( कार्यपालिका बाट मिति २०८१।१२।०८ गते स्वीकृत )**

**कोटहीमाई गाँउपालिका**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**मझगाँवा, रुपन्देही**

**लुम्बिनी प्रदेश**

**नेपाल**

## शुभकामना

कोटहीमाई गाउँपालिकाले आगामी १० वर्षलाई दृष्टिगत गर्दै तयार गर्न लागेको स्थानीय शिक्षा क्षेत्र विकास योजना हाम्रो गाउँपालिकाको शैक्षिक सुधार र समृद्धिको दिशामा एक महत्वपूर्ण मार्गचित्र हुनेछ। हाल शिक्षामा देखिएका विविध चुनौतीहरूको सम्बोधन र भविष्यका सम्भावनाहरूको उपयोग गर्न यो योजना एक सशक्त साधन बन्नेछ।

हालको अवस्थाले देखाउँछ कि सामाजिक तथा आर्थिक रूपमा कमजोर पृष्ठभूमिका बालबालिकाहरू शिक्षामा पछि परिरहेका छन्, जसको प्रत्यक्ष असर गाउँपालिकाको शैक्षिक उपलब्धिमा देखिएको छ। स्रोतसाधनको उपस्थिति हुँदाहुँदै पनि अपेक्षित परिणाम प्राप्त हुन नसक्नु हामी सबैका लागि आत्ममूल्यांकनको विषय हो। यसले व्यवस्थापनमा देखिएका कमजोरीलाई सुधार गर्दै योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याएको छ।

नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७७ ले सबै बालबालिकालाई गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको भए तापनि त्यसको प्रभावकारी कार्यान्वयनमा केही चुनौतीहरू अझै विद्यमान छन्। विशेषगरी आर्थिक रूपले कमजोर वर्गका बालबालिकाहरूको पहुँच अझै सन्तोषजनक छैन।

यस योजनाले गाउँपालिकाको सम्पूर्ण शैक्षिक संस्थाहरूको स्तरोन्नति, स्रोतसाधनको न्यायसंगत वितरण, नियमित शिक्षक प्रशिक्षण, सहुलियत कार्यक्रम, प्रविधिको प्रयोग, र सिकाइ वातावरणको समग्र सुधारमा विशेष ध्यान दिनेछ। हामीले विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी–शिक्षक अनुपात, र व्यवस्थापन प्रणाली सुधारमा पनि सन्तुलित ध्यान दिनु पर्नेछ।

बालमैत्री सिकाइ वातावरण निर्माण, नियमित उपस्थिति सुनिश्चितता, र विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू सञ्चालन गरी समावेशी र उत्तरदायी शिक्षा प्रणाली निर्माण गर्नु हाम्रो लक्ष्य हो। अभिभावक, विद्यालय व्यवस्थापन समिति, समुदाय, शिक्षक र विद्यार्थी सबैको सहकार्य बिना यो सम्भव छैन।

हामी कोटहीमाई गाउँपालिकामा उपलब्ध स्रोतसाधनलाई प्रभावकारी रूपमा परिचालन गरी, प्रविधि र नवप्रवर्तनको सहायताबाट शिक्षामा परिवर्तन ल्याउने दृढ संकल्पका साथ अघि बढिरहेका छौं। यो शिक्षा योजना सम्पूर्ण पालिकावासीहरूको सक्रिय सहभागितामा सफल कार्यान्वयनतर्फ उन्मुख हुनेछ भन्ने विश्वास लिएका छौं।

अन्त्यमा, कोटहीमाई गाउँपालिकाका सम्पूर्ण बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्न हामी सबै मिलेर अघि बढ्न आवश्यक छ भन्ने भावनाका साथ यो योजनाको कार्यान्वयनको लागि पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु।

........................

गाउँपालिका अध्यक्ष

बाल कृष्ण त्रिपाठी
अध्यक्ष

## मन्तव्य

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनासहित संघीय शासन प्रणालीलाई अंगीकार गरेको छ। स्थानीय तहहरू जनताको नजिक रहेका सेवा प्रवाह गर्ने जनप्रतिनिधिद्वारा निर्वाचित सरकार हुन्। संविधानको अनुसूचीमा उल्लेख गरिएअनुसार, स्थानीय तहलाई शिक्षा क्षेत्रसमेत स्पष्ट जिम्मेवारी र अधिकार प्रदान गरिएको छ।

संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। यस व्यवस्थाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रप्रति संवेदनशील भई गुणस्तरीय शिक्षा विकास गर्ने दिशामा अग्रसर हुन उत्प्रेरित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षासम्बन्धी जिम्मेवारीलाई थप स्पष्ट पार्दै स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रभित्र रणनीतिक तथा लक्ष्यकेन्द्रित योजना बनाई कार्यान्वयन गर्ने जोहो गरेको छ।

संविधान र अन्य कानुनी व्यवस्थाले तोकेको अनुसारका जिम्मेवारीहरू निर्वाह गर्दै कोटहीमाई गाउँपालिका, रूपन्देहीले शिक्षा क्षेत्रको विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढ्न **गाउँ शिक्षा क्षेत्र योजना (२०८१/०८२ – २०९०/०९१)**तयार गरी कार्यान्वयनमा ल्याएको छ।

यस योजनाले शिक्षा सेवा प्रवाहको सन्दर्भमा गाउँपालिकाको हालको अवस्था, विद्यमान समस्या र चुनौतीहरू पहिचान गर्दै तिनको समाधानका लागि उपयुक्त रणनीति र प्रमुख कार्यक्रमहरू तय गरेको छ। साथै, यसले आगामी दश वर्षको लागि कोटहीमाई गाउँपालिकाको शिक्षा क्षेत्रको दिशानिर्देशन प्रदान गरेको छ।

यस योजना कार्यान्वयन गरी तोकिएका समृद्ध शैक्षिक लक्ष्यहरू हासिल गर्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा संघ र प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका रहनेछ। यस्तै, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदारहरूसँगको सहकार्य बाट योजना सफल कार्यान्वयन तर्फ उन्मुख हुने विश्वास गरिएको छ।

कोटहीमाई गाउँपालिकाले शिक्षा क्षेत्रको दिगो विकासका लागि तयार पारेको यो दश वर्षीय गाउँपालिका शिक्षा क्षेत्र योजना कार्यान्वयनमा सरोकारवालाहरूको पूर्ण साथ, सहयोग र सहकार्यको अपेक्षा गर्दछ। अन्त्यमा, यो शिक्षा योजना तयार गर्न सक्रिय सहयोग गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सामाजिक विकास समिति संयोजक, कार्यपालिका सदस्यहरू, शिक्षा समितिका पदाधिकारीहरू तथा सम्पूर्ण कोटहीमाई गाउँपालिकावासीहरूप्रति हार्दिक आभारसहित योजना कार्यान्वयनमा समेत निरन्तर साथ, सहयोग र सुझावको अपेक्षा व्यक्त गर्दछु।

..............................

प्रमुख प्रशासकीय अधिकृत

अजय मिश्र
प्रमुख प्रशासकीय अधिकृत

## हाम्रो भनाइ

संघीय शासन प्रणाली कार्यान्वयनमा आएपछि मुलुकमा तीन तहका सरकार स्थापना भएका छन्। तीमध्ये माध्यमिक तहसम्मको शैक्षिक जिम्मेवारी मुख्यतः स्थानीय सरकार अन्तर्गत रहेको छ। कक्षा १२ सम्मको शिक्षा स्थानीय तहको मातहतमा रहेकाले यसलाई व्यवस्थित र गुणस्तरीय ढंगले सञ्चालन गर्न विभिन्न प्रयासहरू भइरहेका छन्।

कोटहीमाई गाउँपालिकाको सन्दर्भमा कुरा गर्दा, २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा शैक्षिक विकासका लागि उल्लेखनीय रचनात्मक कार्यहरू थालिएका छन्। पालिकाले शिक्षाका क्षेत्रमा गरेका कतिपय अभ्यासहरू अन्य स्थानीय तहका लागि पनि सिकाइको विषय बनेका छन्। विशेष गरी सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढाउन पालिकाले भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। दरबन्दी नभएका विद्यालयहरूमा आफ्नै स्रोतबाट शिक्षक नियुक्त गर्ने, छात्राहरु लाई प्रोत्साहन गर्ने, बालमैत्री कक्षा निर्माण गर्ने लगायतका कार्यहरूले विद्यालयहरूमा उल्लेखनीय परिवर्तन ल्याएका छन्।

हालसम्म गरिएका कार्यहरू आफैमा पूर्ण नभए पनि, ती कार्यहरूले यहाँको शैक्षिक क्षेत्रलाई सकारात्मक दिशामा अगाडि बढाउन योगदान पुऱ्याएका छन् भन्ने कुरा जो–कोहीले महसुस गर्न सक्छ। यही पृष्ठभूमिमा कोटहीमाई गाउँपालिकाको शिक्षा प्रणालीलाई अझ व्यवस्थित, योजनाबद्ध, समावेशी, समतामूलक र गुणस्तरीय बनाउने उद्देश्यले यो दशवर्षीय शैक्षिक योजना निर्माण गरिएको हो।

यस योजनाको तयारीका क्रममा पालिकाभित्रका सरोकारवाला पक्षहरूसँग व्यापक छलफल, राय, सुझाव र परामर्श लिइएको छ। यो योजना लागू हुँदा कोटहिमाईको शिक्षामा नयाँ आयाम थपिने विश्वास लिएको छु। प्रस्तुत योजनाले बालबालिकालाई समावेशी र गुणस्तरीय शिक्षणसिकाइको वातावरणमा सहभागी गराउने सुनिश्चितता प्रदान गर्दै दीगो विकासका लक्ष्यहरू (SDGs) प्राप्त गर्ने मार्गमा टेवा पुऱ्याउनेछ।

योजनाले संविधानद्वारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने र माध्यमिक तहसम्म निःशुल्क शिक्षामा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ। साथै विद्यालय छोडेका बालबालिकालाई पुनः शिक्षामा ल्याउने वातावरण निर्माणको पक्षलाई पनि यसले सम्बोधन गरेको छ।

अन्त्यमा, यस योजनाको निर्माण प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनीतिक दल, सरोकारवाला संघसंस्थाहरू, शिक्षक, कर्मचारीलगायत सबैप्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु। साथै, योजनाको सफल कार्यान्वयनका लागि सबैको निरन्तर साथ, सहयोग, समन्वय र समर्थन रहनेमा पूर्ण विश्वास व्यक्त गर्दछु।

.............................

शिक्षा अधिकृत

अमृता बुढाथोकी
शिक्षा अधिकृत

# सारांश

लुम्बिनी प्रदेश,रूपन्देहीजिल्ला कोटहीमाई गाउँपालिकाको द्रुतत्तर शिक्षाको उन्नति र विकासकोलागि तयार पारिएको प्रस्तुत गाउँ शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालकोसंविधान२०७२ मा शिक्षाको सन्दर्भमा बोलिएको तथा लेखिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाईसमेट्न स्थानीय तह को शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९ अनुसार दश वर्षीय गाउँ शिक्षा क्षेत्र योजना तयार पारिएको छ । यसमा नेपालको संविधान, संघीय शिक्षा ऐन, नियमावली, केन्द्रियस्तरमा भएका आयोगहरूकाप्रतिवेदनलाई समेत आधार लिइएको छ । बदलिदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भनी विद्यालय तहको संरचनामा भएको परिवर्तन एवंआन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू ल्याइएका छन् ।गाउँ शिक्षाको सन्दर्भमा प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिकतथा व्यवसायिक र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवं सिपमूलक तथा प्रविधिमैत्री बनाउने गरी योजना तय गरिएको छ ।

कोटहीमाई गाउँपालिकाको शिक्षा योजनाले गुणस्तर सुधार र पहुँच विस्तार गर्ने उद्देश्यसहित विभिन्न शिक्षाका उपक्षेत्रहरूमा व्यापक कार्यक्रमहरू समावेश गरेको छ। प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत चार वर्ष उमेरका सबै बालबालिकालाई तालिमप्राप्त सहयोगी कार्यकर्ता मार्फत बालमैत्री वातावरणमा कक्षा संचालन, अपाङ्ग बालबालिकाको पहिचान र सहायता, अभिभावक सहभागिता सुनिश्चित गर्ने क्रियाकलाप समावेश गरिएको छ । आधारभूत शिक्षामा गुणस्तर अभिवृद्धिका लागि पठन सामग्री, दिवा खाजा, स्वास्थ्य परीक्षण, सूचना–प्रविधिको उपयोग, स्थानीय भाषामा शिक्षण, कक्षामा आधारित मूल्यांकन, शिक्षक तालिम र अभिभावक–जनचेतना कार्यक्रम समावेश गरिएको छ। त्यसैगरी माध्यमिक तहमा प्राविधिक शिक्षा, छात्रवृत्ति, पोषण/स्वास्थ्य कार्यक्रम, अतिरिक्त गतिविधि, विद्यालय पूर्वाधार सुधार, योग–ध्यान शिविर, सुपरिवेक्षण आदि मार्फत विद्यार्थी प्रोत्साहन र गुणस्तरोन्नति गर्ने क्रियाकलाप समावेश गरिएको छ । प्राविधिक शिक्षा अन्तर्गत कृषि प्रयोगशाला र विभिन्न तालिमहरू सञ्चालन गरी सिपयुक्त र प्रविधिमैत्री युवा उत्पादन गरिनेछ। अनौपचारिक तथा आजीवन शिक्षामा सामुदायिक सिकाइ केन्द्रमार्फत व्यवसायिक र सिपमुलक कार्यक्रममार्फत विद्यालयसम्म नपुगेका, रोजगारीमा नजाने वा नियमित अध्ययन नगर्ने बालबालिका, युवा, वयस्क, महिला र ज्येष्ठ नागरिकलाई समावेश गरिने सुनिश्चितता गरिएको छ।

साथै माथिल्लो कक्षामा शिक्षक–विद्यार्थी अनुपात अत्यधिक भएकाले गुणस्तरमा देखिएको कमजोरीलाई सम्बोधन गर्न दरबन्दी मिलान कार्यक्रम समावेश गरिएको छ। यसले विद्यार्थी संख्यार शिक्षक आवश्यकताको आधारमा शिक्षण प्रभावकारितामा सुधार ल्याउने लक्ष्य राख्दछ । साथै, स्थानीय पहिचान र विकासलाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रम परिमार्जन गरेर आधारभूत शिक्षा स्थानीय आवश्यकता अनुरूप विकास गरिने योजना गरिएको छ। पूर्वाधार सुधार अन्तर्गत कक्षाकोठा, फर्निचर, स्वच्छ पानी, बाल, अपाङ्ग र महिला मैत्री शौचालय, पुस्तकालय, ICT कक्षा तथा स्मार्टबोर्डको प्रयोग गरेर सिकाइ वातावरणलाई आधुनिक एवम् समावेशी बनाई गुणस्तरीय बनाउने प्रयास गरिनेछ, जसबाट विद्यालय नआउने वा नियमित अध्ययन गर्न नसक्ने विभिन्न समुदायका बालबालिकाहरु व्यवसायिक, सिपयुक्त तथा प्राविधिक शिक्षामा पहुँच बढाउन सुनिश्चित गरिएको छ।

यसको साथैअपाङ्गता भएका बालबालिका लगायत प्रौढहरूलाई विशेष व्यवस्था गरी एकीकृत शिक्षा तथा सिपयुक्त अपाङ्गमैत्री शिक्षा दिन समावेशी तथा समाहित शिक्षाको अवधारणालाई अगाडि सारिएको छ । यसरी योजनाकोसमग्र लक्ष्य र उद्देश्य प्राप्तिका लागि योजनामा खर्च हुने लागतहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा गैरसरकारी संघसंस्था र समस्त अभिभावक तथा सरोकारवालापक्षको योगदानमा आधारित रहेरसम्पन्न गर्ने कार्यक्रम रहेको छ ।

# विषयसूची

विषय प्रवेश ........ 1

१.७ गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौति र अवसरहरूको SWOT विश्लेषण ........ 18

कोटाईमाई गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्यमुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ। सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र GAP ANALYSIS प्रक्रिया अवलम्बन गरिएको छ। सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ। जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ। गाउँपालिका क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका समस्या, समस्याका कारण, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ। ........ 18

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 22

२.१ सन्दर्भ र औचित्य ........ 22

२.३ कोटहीमाई गाउँपालिकामाको दीर्घकालीन सोच तथा गन्तव्य ........ 23

२.४ लक्ष्य (GOAL) ........ 23

२.५ उद्देश्यहरू ........ 23

२.६ रणनीतिहरू ........ 24

२.६.१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर शुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्दी गर्ने। ........ 24

राष्ट्रिय ........ 31

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 34

*स्रोत: प्र.अ हरूबाट संकलित तथ्यांक* ........ 37

२०८१ को फ्लास रिपोर्ट अनुसार बालविकास शिक्षाको सूचक यसप्रकार रहेको छ। ........ 37

*स्रोत: CEHRD FLASH REPORT 2081* ........ 37

३.१.६ प्रमुख क्रियाकलाप र बार्षिक बजेट प्रक्षेपण ........ 41

*स्रोत: तलबि प्रतिवेदन प्रथम त्रैमासिक २०८१/८२* ........ 45

*स्रोत: EMIS DASHBOARD 2081* ........ 45

३.२.७ प्रमुख क्रियाकलाप र बार्षिक बजेट प्रक्षेपण ........ 51

स्रोत: CEHRD FLASH REPORT 2081 ........ 54

*स्रोत: तलबि प्रतिवेदन प्रथम त्रैमासिक २०८१/८२* ........ 54

३.३.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ 59

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ 61

३.४.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ 64

३.५ अनौपचारिक शिक्षार जीवनपर्यन्त सिकाई ........ 65

३.१.१ परिचय ........ 65

३.५.७ प्रमुख क्रियाकलापतथा बार्षिक बजेट प्रक्षेपण ........ 70

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 71

४.२ शिक्षक व्यवस्थापन र विकास ........ 76

४.२.७ प्रमुख क्रियाकलाप तथाबार्षिक बजेट प्रक्षेपण ........ 81

४.३ शैक्षिक समता र समावेशीकरण ........ 82

परिचय ........ 82

४.३.१ वर्तमान अवस्था ........ 82

समस्या तथा चुनौतिहरू ........ 83

४.३.२ लक्ष्य ........ 83

४.३.३ उद्देश्य .................................................................................................................................. 83

४.३.४ रणनीतिहरू .................................................................................................................................. 83

४.३.५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य .................................................................................................. 84

४.३.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण.................................................................................................. 86

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम .................................................................................................. 87

परिचय .................................................................................................................................. 87

४.४.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण.................................................................................................. 92

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता.................................................................................................. 93

४.५.६ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण.................................................................................................. 97

४.६ विद्यालय भौतिक पूर्वाधार विकास .................................................................................................. 97

४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य.................................................................................................. 103

४.६.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण.................................................................................................. 104

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि .................................................................................................. 104

४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .................................................................................................. 110

४.७.८ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण .................................................................................................. 110

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन.................................................................................................. 112

६.१.१ परिचय .................................................................................................................................. 112

६.१.१ वर्तमान अवस्था.................................................................................................................................. 112

६.१.२ उद्देश्यहरू.................................................................................................................................. 115

६.१.३ रणनीतिहरू.................................................................................................................................. 115

६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.................................................................................................. 116

६.१.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण .................................................................................................. 117

परिच्छेद ७ .................................................................................................................................. 119

लगानी र स्रोत व्यवस्थापन .................................................................................................................................. 119

७.१ परिचय र बर्तमान अवस्था .................................................................................................................................. 119

परिच्छेद ८ .................................................................................................................................. 122

अनुगमन तथा मूल्याङ्कन .................................................................................................................................. 122

८.१ परिचय .................................................................................................................................. 122

८.२ वर्तमान अवस्था .................................................................................................................................. 122

८.३उद्देश्य.................................................................................................................................. 122

८.४ रणनीति.................................................................................................................................. 122

८.५ प्रमुख उपलब्धि तथा नतीजा.................................................................................................................................. 123

८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य..........................................'.................................................................................................. 124

## विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागितार समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि यो मार्गदर्शन तयार गरिएको छ ।

### क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षानीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालयशिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएकोछ ।
नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तरतथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो ।

### ख) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

### ग) शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वयतथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रमआदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ। यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ।शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने छ।

### घ) शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा स्थानीय तहको शिक्षा समितिको नेतृत्वमा गर्नुपर्छ। स्थानीय तहले आवश्यक देखेमा योजना तर्जुमा समिति, अन्य समिति वा उपसमिति गठन गर्न सक्ने छ। योजना निर्माणको मुख्य समूहमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुख तथा सामाजिक विकास समितिका संयोजकलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने छ। यस अतिरिक्त आवश्यकताअनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञ तथा प्राविधिकलाई (स्थानीय तहभित्रका कलेज, विद्यालय वा अन्य व्यक्तिबाट) आमन्त्रित गर्न सकिन्छ। योजना निर्माण समितिलाई सहजीकरण गर्न र जिम्मेवार बनाउन लिखित कार्य विवरण दिन सकिन्छ।

अन्य योजनामाजस्तैः स्थानीय तह शिक्षा योजनाको निर्माणमा पनि स्थानीय तहले सहभागितामूलक प्रक्रिया नै अवलम्बन गर्नुपर्छ र सोका लागि देहायका विषयलाई ध्यान दिनुपर्छ। योजनाको यस भागमा शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रक्रिया उल्लेख गर्नुपर्छ साथै बैठकका निर्णय र उपस्थिति अनुसूचीमा समावेश गर्नुपर्छ।

क) गाउँ/नगर सभा र गाउँ/नगरकार्यपालिका स्तरीय स्थानीय तहको बैठक
ख) योजना निर्माण समितिको गठन
ग) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
घ) गाउँ/टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसस्थालगायत विभिन्न सरकारी/गैरसरकारी सङ्घसंस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन
ङ) स्थानीय तहतथा विद्यालय स्तरीय छलफल
च) योजनाको मस्यौदा तयारी
छ) मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
ज) योजनाको अन्तिमीकरण
झ) बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
ञ) स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

### ङ) योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो | निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिवरण तोकी सम्पन्न गर्नुपर्छ | योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गर्नुपर्छ :

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका |

| | | |
|---|---|---|
| | | आवश्यक स्रोतकोप्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। उक्त धाराले पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ। त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ। दिगो विकास को लक्ष्य नं. ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ। नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ। यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई माध्यामिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ। जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन,मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ।शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ।सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ। यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सुखि नेपाली सम्वृद्ध नेपालको नारालाई साकार पार्न गाउँपालिकाले शिक्षा योजना २०७८ तयार गरेको छ। यसका साथै गाउँपालिका अन्र्तगतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्बन्धि सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो। यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ। यसमा भएकाव्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागू गर्नु सबै  नागरिकको कर्तव्य रहनेछ। गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न यो नीतिले उल्लेख्य भूमिका खेलेको छ।

नेपालको संविधानको धारा ३१ मा शिक्षालाईमौलिक हकका रूपमा उल्लेख गरिएको छ। शिक्षामा पहुँच वढाउन र शिक्षालाई नि:शुल्क र अनिवार्य बनाउने सम्बन्धी धारा ३१ को उपधारा १ र २ मा व्यवस्था गरेको छ। त्यसैगरी उपधारा३,४ र ५ मा क्रमश: अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ।नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो। यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ। योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ। वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो। दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ। साविकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन्। राष्ट्रिय शिक्षा नीति,२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक,

राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार मानिएको छ। शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक पर्दछ । सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत पर्दछ। शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको कुरा उल्लेख गरेको छ।

अनिवार्य तथा नि: शुल्क  शिक्षा सम्बन्धी ऐन, २०७५ शिक्षा प्राप्त गर्ने प्रत्यक व्यक्तिको आधारभतू मानव अधिकार एवं संविधानमा प्रदत्त मैलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्त्रतामा आधारित समाजवाद उन्मखु राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँचु र निरन्तरता सुनिश्चित गरी  शिक्षालाई सर्वव्यापी जीवनोयोगी, प्रतिस्पर्धा एवं गुणस्तरिय वनाउनका लागि  अनिवार्य तथा नि:शुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरेको र यस सम्वन्धि नियमावली, २०७७ ले परिच्छेद -६ सम्म व्यवस्था गरेको छ । दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्वन्धि लक्ष्य ४ मा  समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवद्र्धन गर्ने दिगो विकास लक्ष्य ४ अन्तर्गतः

- सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले नि:शुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,
- सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,
- क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,
- रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप र दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने र
- शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष राखेको छ ।यसरीशिक्षको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दे स्थानीय तहको जनशक्ती र आवश्यकतालाइ समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ।

**१.१ बर्तमान अवस्था**

नेपालको संविधान जारी भएपछि राज्य पुनर्संरचनाका क्रममा मन्त्रीपरिषद्को २०७३ फागुन २२ गते निर्णय विशेष रह्यो। सोही निर्णयका आधारमा २०७३ फागुन २७ गतेदेखि ७ सय ५३ स्थानीय तहहरू सञ्चालनमा आए। तीमध्ये कोटहीमाई गाउँपालिका पनि संविधान बमोजिम एक स्थानीय तहका बन्न सफल भयो । तत्काल गा.वि.स. हरूबोगडी , मझगावा, बैरघाट, मर्यादपुर, सिपवा र स.पकडीकोसमायोजनगरीकोटहीमाईगाउँपालिकाबनाइयो।कोटहीमाई मन्दिर यस गाउँपालिकाको पहिचानदिनसफलनामकोटहीमाईलाईनैस्थानीयतहकोनामपनिकोटहीमाईनैबनाउनेसहमतिलेकोटहीमाईगाउँपालिकानामकरणहुनपुग्यो।कोटहीमाई मन्दिर कोटहीमाई गाउँपालिकाको वडा नं. ४ ( साबिक बैरघाट गा.वि.स. को वडा नं. ३ ) बैरघाटमा पर्दछ। पहिले यस भेगमा निकै बाक्लो जंगल थियो। यहाँ देखि ३ कि.मि. पुर्व भारतको सुण्डी र नेपालको बरहदवा, कदमहवा, तुनिहवा र जिगीनिहवामा मात्र मानिसको बसोबास थियो ।हाल यी गाउँहरु कोटहीमाई गाउँपालिकाको वडा नं. ४ अन्तर्गत पर्दछन। कोटहीमाईको मन्दिर बुटवलको

हात्तीसुडमा भारतले बाँध बाधी मोतिपुर, अमुवा, बेथरी, गुरुवानी, तुनिहवा हुँदै भारतको सुण्डीसम्म तयार गरेको नहरको उत्तर साइडमा बैरघाटमा अवस्थित छ। कोटहीमाई देवी दुर्गा देवीकी शाखा हुन।

प्राचिन समय देखि नै यहाँ कोटहीमाई थान थियो। यो स्थानलाई स्थानिय मानिसले शक्तिको श्रोतको रुपमा मान्दै आएको पाइन्छ। यो थान यस भेग कै सबैभन्दा पुरानो पनि मानिन्छ। हरेक सोमबार र मंगलबार यहाँ मेला पनि लाग्ने गर्दछ। माया देवी माइती देवदहबाट तिलौराकोट जाने क्रममा कोटहीमाई आएर बास बसिन त्यसै रात उनलाई प्रसव व्यथा सुरु भयो। बिहान यहाँ बाट तिलौराकोट जाने क्रममा लुम्बिनी पुगेपछि गौतम बुद्धको जन्म भएको हो भन्ने भनाई स्थानिय मानिसहरुको छ। दैनिक पुजापाठ , बच्चाको मुण्डन , नयाँ गाडीको पुजा , छोरा जन्मियोस भन्ने कामना, विवाहका लागि केटाकेटी हेराउने लगायत विभिन्न शुभ कार्यका लागि दैनिक मानिस यहाँ आउने परम्परा छ। इच्छा वा कामना पुरा भएपछि थानको वरिपरी उपयुक्त ठाउंमा हात्तीको मुर्ति बनाइने हुँदा झ्वाट्ट हेर्दा हात्ती जंगलमा जम्मा भएर बसे जस्तै देखिन्छ। यहाँ विशेष गरेर हरेक कार्तिक पुर्णिमा र चैते दशैंको रामनवमीका दिन मेला लाग्छ, सोहि दिन सरस्वतीको पाठ पनि गरिन्छ। यस मेलामा विशेष गरी मर्चवार क्षेत्रका मानिस जम्मा हुन्छन भने भैरहवा,बुटवल,लुम्बिनी परासी,तौलिहवा, भारतको गोरखपुर, सिद्धार्थनगर , महाराजगंजबाट मानिस आउने गर्दछन।मर्चवार क्षेत्रका स्थानिय मानिसको सामाजिक, धार्मिक, ऐतिहासिक र मौलिक संस्कृतिको धरोहर कोटहीमाईको नामबाट यस गाउँपालिकाको नाम कोटहीमाई रहन गएको स्थानियको भनाई छ।

**भौगोलिक अवस्था**

नेपालको प्राकृतिक भूगोल अनुसार कोटहीमाई गाउँपालिका हावापानीको हिसावले उष्णक्षेत्रभित्र रहेको छ। समुद्री सतहदेखि ९२.१ मीटरकोउचाँईमा रहेको यो गाउँपालिका २७ डिग्री ३८ मिनेट ३९.५ सेकेन्ड देखि २७ डिग्री ४६ मिनेट ६.६२ सेकेन्डको उत्तरी अक्षांस र ८३ डिग्री १६ मिनेट७.२६ सेकेन्ड देखि ८३ डिग्री २३ मिनेट ३६.६२ पूर्विदेशान्तरभित्र अवस्थित छ। यसको पूर्वमा भारतको उत्तर प्रदेश, पश्चिममा लुम्बिनी सांस्कृतिक नगरपालिका, उत्तरमा मायादेवी गाउँपालिका र दक्षिणमा मर्चवारी गाउँपालिका र सम्मरीमाई गाउँपालिका रहेको उत्तर पश्चिम हुदै बग्ने दानव नदीसंगै प्राकृतिक, भौगोलिक र सांस्कृतिक मनोरमताले यो गाउँपालिका सिंगारिएको छ। कोटहीमाई गाउँपालिका रुपन्देही जिल्लाको कम विकसित गाउँपालिकाहरुमध्ये एक हो। यसको भू बनोट समथर र एकै खालको रहेको छ। समतल भूभाग र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हुने सम्भावना भए तापनि १२ महिना पानीको श्रोत नभई आकाशे पानीको भर पर्नु पर्ने अवस्था र आज भोलि घर घडेरी,मोटर बाटो निर्माण , कृषिमा मानिसको कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथसाथै वातारणमा प्रतिकुल असर समेत परेको छ। यहाँ मौसम अनुसारको बाह्रै महिना गर्न सकिन्छ। मुख्य बाली धान, गंहू, मकै, मास,मसुरो,रहर,आलस , तोरी ,मुंफाली, आलु आदि हुन्। आज भोलि व्यवसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, कुखुरा तथा हाँस पालन गरिदै आएको छ। उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानिय हाटबजारहरु ( दुईमुहान , परसहवा, मझगावा, स. पकडी आदि ), भैरहवा र बुटवलमा बेचबिखन गरिन्छ। यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि भाद्र सम्म गर्मी हुन्छ। आश्विन, कार्तिक , मङ्सिर र फाल्गुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि भाद्रसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ।रुपन्देही जिल्लाको कोटहीमाई गाउँपालिका ,पूर्वाधार ,विकास जस्ता हिसावले पछाडी परेको गाउँपालिका भएता पनि यहाँको कृषियोग्य भूमिको हिसावले अत्यन्तै विकासको सम्भावना वोकेको गाउँपालिका हुनुको साथै उत्प्रेरित समुदायको े हिसावले गर्दा दरिलो र दिगो विकासको श्रोत मान्न सकिन्छ।

**सामाजिक संरचना र अवस्था**

कोटहीमाई गाउँपालिकाकाको वि.सं.२०७८ सालको जनगणना अनुसार यस गाउँपालिकको जनसङ्ख्या ४५९७५ रहेको छ। जस मध्ये महिलाको सङ्ख्या २२ हजार ८ सय ३६ (४८.६१ प्रतिशत) र पुरुषको सङ्ख्या २३ हजार १सय ३९ (४९प्रतिशत) रहेको छ भने ७ हजार ५ सय ३५ घरधुरी सङ्ख्या रहेका छन्। विभिन्न वडामा रहेका बस्तीहरू विविधतायुक्त छन। कतै बाक्ला टोल बस्तीहरू देखिन्छन त कतैकतै पातला बस्तीहरू पनि छन। यी वस्तीहरूमा बसोबास गर्ने विभिन्न जातजाति र समुदायका मानिसहरू सहिष्णुता भावकासाथ एकताबद्ध हुदै आएकाछन। जातीय हिसाबले मधेशी मुलका थारु, यादव, मल्लाह, लोध, तेली, केवट, लोनिया, हरिजन, कुर्मी, ब्राह्मण, बरई,कोइरी,बनिया, पाल, मुसलमान लगायतका बिभिन्न जातिको यस गाउँपालिकाभित्र बसोबास रहदै आएको छ। यी जातजाति र समुदाय विचमा फरकफरक संस्कार, संस्कृति र भेषभुषा नगन्य रुपमा रहेकाले सबैको बिचमा आपसी सद्भाव र एकता देखिदैआएको छ। परेको बेलामा सामाजिक महत्व एवं राष्ट्रिय महत्वका बिषयहरूमा यहाँका बासिन्दाहरूको सदासयता र सहयोगको कमी छैन। इमान्दारिता यहाँको मूल विशेषता मान्न सकिन्छ।

तालिका नं-१

**गाउँपालिकाको कुल जनसंख्या**

| परिवार संख्या | जम्मा जनसंख्या | पुरूष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | बार्षिक जनसंख्या बृद्दिदर | जनघनत्व | घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| ८०८२ | ४५९७५ | २३१३९ | २२८३६ | ६.१० | १०१.3३ | १.०८ | ७८९ | ७५३५ |

**स्रोतः राष्ट्रियजनगणना२०७८**

तालिका नं-२

**गाउँपालिका को जातिगत बिवरण**

| क्र.स. | जातजातीहरू | पुरूष | महिला | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | १६ | १३ | २९ | ०.०६ |
| २ | ब्राम्हण – पहाडी | ६८ | ५७ | १२५ | ०.२७ |
| ३ | मगर | १५ | २२ | ३७ | ०.०८ |
| ४ | थारु | १६० | १४३ | ३०३ | ०.६५ |
| ५ | बिश्वकर्मा | ३० | २६ | ५६ | ०.१२ |
| ६ | मुसलमान | २२४२ | २४१४ | ४६५६ | १०.१२ |
| ७ | यादव | ४७३८ | ४५६७ | ९३०५ | २०.२३ |
| ८ | गुरुङ | ८ | ९ | १७ | ०.०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ठकुरी | २३ | ३३ | ५६ | ०.१२ |
| १० | तेली | ७५४ | ७२७ | १४८१ | ३.२२ |
| ११ | चमार/ हरिजन | २०१९ | १९३० | ३९४९ | ८.५८ |
| १२ | कोइरी / कुशवा | ९२७ | ९२७ | १८५४ | ४.०३ |
| १३ | कुर्मी | १४८८ | १४३५ | २९२३ | ६.३५ |
| १४ | सन्यासी/ दसनामी | ९ | १३ | २२ | ०.०४ |
| १५ | दुसाध/पासवान /पासी | ९४२ | ८७९ | १८२१ | ३.९६ |
| १६ | मल्लाह | ११५१ | ११३३ | २२८४ | ४.९६ |
| १७ | केवट | ७३३ | ६९० | १४२३ | ३.०९ |
| १८ | काठबानिया | १२७ | १११ | २३८ | ०.५१ |
| १९ | ब्राम्हण – तराई | ८२८ | ७५२ | १५८० | ३.४३ |
| २० | कलवार | २०३ | १७८ | ३८१ | ०.८२ |
| २१ | कानु | २०६ | १८४ | ३९० | ०.८४ |
| २२ | हजाम /ठाकुर | ३९८ | ३८९ | ७८७ | १.७१ |
| २३ | धोबी | ५४६ | ५०९ | १०५५ | २.२९ |
| २४ | लोहार | ३७७ | ३६६ | ७४३ | १.६१ |
| २५ | सुन्डी | ३१ | ३० | ६१ | ०.१३ |
| २६ | माझि | ६२ | ७० | १३२ | ०.२८ |
| २७ | बरई | १४९ | १४२ | २९१ | ०.६३ |
| २८ | नुनिया | ३८१ | ३४४ | ७२५ | १.५७ |
| २९ | सोनार | १७ | २० | ३७ | ०.०८ |
| ३० | कुम्हार | ३५४ | ३५८ | ७१२ | १.५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | कहार | ७११ | ७०७ | १४१८ | ३.०८ |
| ३२ | कयस्था | १९ | १७ | ३६ | ०.०७ |
| ३३ | राजपुत | ३८ | ४२ | ८० | ०.१७ |
| ३४ | बादी | ७ | ६ | १३ | ०.०३ |
| ३५ | ओरान /कुढुख | ७१ | ६० | १३१ | ०.३ |
| ३६ | लोध | १२७९ | १२८९ | २५६८ | ५.५८ |
| ३७ | बाधी | ११५ | ८८ | २०३ | ०.४४ |
| ३८ | गडेरी /भेदियार | ७४५ | ७२२ | १४६७ | ३.१९ |
| ३९ | माली | २४ | ३२ | ५६ | ०.१२ |
| ४० | धुनिया | ६२ | ६७ | १२९ | ०.२८ |
| ४१ | राजभर | ६०८ | ६०६ | १२१४ | २.६४ |
| ४२ | पत्थरकट्टा / कुशवाडिया | १० | ९ | १९ | ०.४२ |
| ४३ | धरिकार | ५२ | ३८ | ९० | ०.१४ |
| ४४ | धांडी | ६० | ६१ | १२१ | ०.२६ |
| ४५ | बनिया | २८८ | २९७ | ५८५ | १.२७ |
| ४६ | खटिक | ८ | ११ | १९ | ०.०४ |
| ४७ | अन्य | १३ | १५ | २८ | ०.०६ |
| ४८ | बिदेशी | २७ | २९८ | ३२५ | ०.७ |

**स्रोतः राष्ट्रियजनगणना२०७८**

तालिका नं-३

**साक्षरता सम्बन्धी विवरण**

| कूल साक्षरता दर | पुरूष साक्षरता दर | महिला साक्षरता दर |
|---|---|---|
| ७६.२% | ८३.६ % | ६९.४ % |

**स्रोतः राष्ट्रियजनगणना२०७८**

तालिका नं-४

**५ बर्ष भन्दा माथि का उमेर समूह अनुसारको जनसंख्या(2078)**

| उमेर समूह | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % |
|---|---|---|---|---|---|
| ९५ माथि | २० | १६ | ३६ | ५५.५ | ४४.४ |
| ९०-९४ | २६ | १५ | ४१ | ६३.४ | ३६.६ |
| ८५-८९ | २७ | २४ | ५१ | ५३.० | ४७.० |
| ८०-८४ | ७२ | ५७ | १२९ | ५५.८ | ४४.१ |
| ७५-७९ | १९७ | १७० | ३६७ | ५३.६ | ४६.३ |
| ७०-७४ | ५०२ | ४१८ | ९२० | ५४.५ | ४५.५ |
| ६५-६९ | ६७९ | ५८७ | १२६६ | ५३.६ | ४६.७ |
| ६०-६४ | ६२० | ६६८ | १२८८ | ४८.१ | ५१.९ |
| ५५-५९ | ६९८ | ६२२ | १३२० | ५२.८ | ४७.२ |
| ५०-५४ | ७५२ | ६९३ | १४४५ | ५२.० | ४७.९ |
| ४५-४९ | ९७३ | १०५० | २०२३ | ४८.० | ५२.९ |
| ४०-४४ | ११७२ | ११४६ | २३१८ | ५०.५ | ४९.६ |
| ३५-३९ | १४६५ | १५५७ | ३०२२ | ४८.४ | ५१.७ |
| ३०-३४ | १४२६ | १५७५ | ३००१ | ४७.५ | ५२.६ |
| २५-२९ | १८१६ | १९६० | ३७७६ | ४८.१ | ५१.९ |
| २०-२४ | २२५० | २२०३ | ४४५३ | ५०.५ | ४९.५ |
| १५-१९ | २६९७ | २६५६ | ५३५३ | ५०.३ | ५९.८ |
| १० -१४ | २६८५ | २६०० | ५२८५ | ५०.८ | ४९.२ |
| ५ -९ | २६५३ | २५५८ | ५२११ | ५०.९ | ४९.१ |
| कुल जम्मा | २०७३० | २०५७५ | ४१३०५ | ५०.१ | ४९.९ |

**स्रोत: राष्ट्रियजनगणना२०७८**

तालिका नं-४

**५ बर्ष भन्दा माथि का उमेर समूह अनुसारको जनसंख्या(2081)**

| उमेर समूह | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % |
|---|---|---|---|---|---|
| ९५ माथि | २१ | १७ | ३७ | ५६ | ४४ |
| ९०-९४ | १५ | ११ | २७ | ५८ | ४२ |
| ८५-८९ | २८ | २५ | ५३ | ५३ | ४७ |
| ८०-८४ | ७४ | ५९ | १३३ | ५६ | ४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५-७९ | २०३ | १७६ | ३७९ | ५४ | ४६ |
| ७०-७४ | ४६७ | २१७ | ६८४ | ६८ | ३२ |
| ६५-६९ | ७०१ | ६०६ | १३०७ | ५४ | ४६ |
| ६०-६४ | ६४० | ६९० | १३३० | ४८ | ५२ |
| ५५-५९ | ७२१ | ६४२ | १३६३ | ५३ | ४७ |
| ५०-५४ | ८५१ | ८१६ | १६६७ | ५१ | ४९ |
| ४५-४९ | १००५ | १०४८ | २०५३ | ४९ | ५१ |
| ४०-४४ | १२१० | ११८४ | २३९४ | ५१ | ४९ |
| ३५-३९ | १५१३ | १६०८ | ३१२१ | ४८ | ५२ |
| ३०-३४ | १४७३ | १६२७ | ३०९९ | ४८ | ५२ |
| २५-२९ | १८७५ | २०२४ | ३९०० | ४८ | ५२ |
| २०-२४ | २३२४ | २२७५ | ४५९९ | ५१ | ४९ |
| १५-१९ | २७८५ | २७४३ | ५५२८ | ५० | ५० |
| १०-१४ | २७७३ | २६८५ | ५४५८ | ५१ | ४९ |
| ५-९ | २७४० | २६४२ | ५३८२ | ५१ | ४९ |
| कुल जम्मा | २१४२० | २१०९४ | ४२५१४ | ५० | ५० |

**स्रोतः क्यलिब्रेशन टुलकिट २०८१**

तालिका नं-५

**अपाङ्गताको प्रकार अनुसारको जनसंख्याः**

| **उमेर समूह** | **जम्मा जनसंख्या** | **अपाङ्गताकाप्रकार** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | न्यूनदृष्टियुक्त | दृष्टिविहीन | बहिरोपन | न्यूनश्रवणशक्ति | बहिरोपनएवं दृष्टिविहीन | **बोलाइ समस्या** | मानसिक वामनोसामाजिक | बौद्धिकअपाङ्गता | अनुवंशीयरक्तश्राव (हेमोफेलिया) | अटिजम् | बहुअपाङ्गता |
| ०देखि ०४ वर्ष | ४५५१ | ९ | ३ | ५ | १ | ० | ० | १ | १ | १ | ० | १ | ५ |
| ०५देखि ०९ वर्ष | ५२११ | ९ | ० | ८ | १ | ० | १ | ३ | २ | १ | १ | १ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०देखि १४ वर्ष | ५२८५ | ९ | १ | ० | ० | ० | ० | ८ | २ | ० | ० | ० | ३ |
| १५देखि १९ | ५३५३ | १८ | ३ | ६ | २ | १ | ० | ६ | ७ | ० | ० | १ | ३ |
| २०देखि २४ | ४४५३ | ८ | २ | २ | २ | ० | १ | ३ | ६ | २ | ० | ० | ४ |
| २५देखि २९ | ३७७६ | ९ | २ | १ | १ | १ | ० | ५ | ३ | ० | ० | ० | ४ |
| ३०देखि ३४ | ३००१ | १३ | १ | १ | ० | ० | २ | ६ | ५ | २ | ० | ० | ६ |
| ३५देखि ३९ | ३०२२ | १३ | ४ | २ | १ | १ | १ | २ | २ | ० | ० | ० | २ |
| ४०देखि ४४ | २३१८ | १२ | २ | ० | १ | २ | ० | १ | ३ | २ | ० | १ | १ |
| ४५देखि ४९ | १९८८ | ९ | २ | ० | १ | ३ | ० | ० | १ | २ | १ | ० | १ |
| ५०देखि ५४ | १६१४ | ९ | ७ | २ | १ | ० | ० | १ | ० | १ | ० | ० | ० |
| ५५देखि ५९ | १३२० | ५ | ३ | २ | १ | १ | ० | ३ | ० | ० | ० | ० | ० |
| ६०देखि ६४ | १२८८ | १० | १५ | ३ | ४ | २ | ० | १ | १ | ५ | ० | ० | २ |
| ६५देखि ६९ | १२६६ | १६ | २७ | १ | ३ | ७ | ० | १ | १ | ० | १ | १ | ० |
| ७०देखि ७४ | ९२० | ९ | ३० | ३ | ० | ६ | ० | १ | ० | ३ | १ | ० | २ |
| ७५भन्दा माथि | ६०९ | ११ | २७ | ० | २ | ४ | २ | ० | १ | ० | ० | ० | २ |
| **जम्मा** | ४५९७५ | १६९ | १२९ | ३६ | २१ | २८ | ७ | ४२ | ३५ | १९ | ४ | ५ | ३८ |

**स्रोतः राष्ट्रियजनगणना२०७८**

## संस्कार र संस्कृति

यस गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजाति र समुदायका मानिसहरूका संस्कार र संस्कृतिमा खासै फरक देखिदैन। सबै बस्तीहरूमा हिन्दुधर्म र यसका संस्कार संस्कृतिले जरा गाडेको छ साथै इस्लाम धर्मावलम्बीहरुको जनसंख्या पनि रहेको छ । छिटफुट रुपमा बौद्ध धर्मका अनुयायीहरू पनि रहेका छन। हिन्दुहरू जन्म ब्रतबन्ध, विवाह र मृत्युका आफ्नै संस्कार कायम गर्दै परम्पराको निरन्तरतामा छन भने दसैं,तिहार,माघे संक्रान्ति ,चैते दसैं, जनैपूर्णिमा , तिज , छठ, होली, मोहरम, बुद्धजयन्ती, इद आदि परम्परागत चाडपर्व र पूजाआजा पर्वको निरन्तरतामा छन। पछिल्लो चरणमा आइपुग्दा सबै वस्ती र जनसमुदायका महिलाहरूमा जागरुकता र सक्रियता बढेको पाइन्छ। संस्कृति झल्काउने सोहर, कजरी, भजनकृतन,कौरा, थारुनाच आदी सबै महिलाहरूमा हस्तान्तरण भएजस्तो भान हुदैछ। संरक्षण र जगेर्नाका लागि कार्यभार पूरा गर्नुपर्ने आवश्यकता बढेर गएको छ अन्यथा यी सबै लोप हुने वा बिकृत हुने अवस्थामा छन। यी सांस्कृतिक सम्पदाहरूलाई यस गाउँपालिकाको सम्पत्तिको रुपमा ग्रहण गर्दै सूचीकृत गरेर संरक्षण योजनामा राख्नुपर्ने आवश्यकता देखिन्छ ।

क्रिश्चियन धर्म तथा अन्य धर्मका संस्कार संस्कृति यहाँको परिवेशमा सतहमा देखिने अवस्थामा छैनन  र परम्परागत संस्कार एवं संस्कृतिको निरन्तरताका रुपमा यस गाउँपालिकाभित्र पर्ने केही स्थानहरू आयोजना हुदै आएका मेलाहरूलाई पनि लिन सकिन्छ । कोटहीमाई मन्दिरमा लाग्ने मेला,दशैँ र तिहारमा लाग्ने मेला, छठ पूजाको अवसरमा नदीका बिभिन्न घाट तथा पोखरीको छेउमा लाग्ने मेला, यी मेलाहरूमा जाँदा संस्कार र संस्कृति आफै झल्कीरहेको अनुभुति पाइन्छ । तर आधुनिकताको नाममा भित्रिने प्रवृतिले यी कुराहरूलाई खाएर सिद्दयाईदिन्छ कि भन्ने सन्त्रास पनि उत्तिकै छ ।

तालिका नं-५

मातृभाषा सम्बन्धी बिवरण

| क्र स | मातृभाषा | महिला | पुरुष | जम्मा | महिला % | पुरुष % |
|---|---|---|---|---|---|---|
| १ | नेपाली | ८३ | ८५ | १६८ | ४९.५ | ५०.५ |
| २ | मैथली | ५ | ७ | १२ | ४२.८ | ५८.३ |
| ३ | भोजपुरी | २२०८ | २२३८३ | ४४४२१ | ४९.६ | ५०.४ |
| ४ | उर्दु | १११ | ११७ | २२८ | ४८.८ | ५१.३ |
| ५ | अवधि | ५७६ | ५२९ | ११०५ | ५२.३ | ४७.८ |
| ६ | गुरुङ | ७ | ४ | ११ | ६३.७ | ३६.६ |
| ७ | मुशलमान | ७ | ७ | १४ | ५० | ५० |
| ८ | अन्य | ९ | ७ | १६ | ५६.४ | ४६.६ |
| | कुल जम्मा | २२८३६ | २३१३९ | ४५९७५ | ४९.६ | ५०.४ |

**स्रोत: राष्ट्रियजनगणना२०७८**

तालिका नं-६

**धर्म सम्बन्धि बिवरण**

| | जम्मा जनसंख्या | हिन्दु | बौद्ध | इश्लाम | क्रिश्चियन |
|---|---|---|---|---|---|
| महिला | २२८३६ | २०३३१ | ० | २४९३ | १२ |
| पुरुष | २३१३९ | २०८२१ | १ | २३०१ | १६ |
| कुल जम्मा | ४५९७५ | ४११५२ | १ | ४७९४ | २८ |

**स्रोत: राष्ट्रियजनगणना२०७८**

**राजनैतिकप्रशासनिक  विभाजन**

नेपालको संधिान २०७२ ले व्यवस्था गरेको नीतिगत व्यवस्था अनुसार यो गाउँपालिका केन्द्रीय सङ्घ अन्तर्गत लुम्बिनी प्रदेश रुपन्देही जिल्लाको दक्षिणी खण्डमा अवस्थित  छ । साविकका गा.वि.स. हरूबोगडी , मझगावा, बैरघाट, मर्यादपुर, सिपवा र स.पकडीकोलाई समायोजन गरी यसको संरचना गरिएको छ । साविकका बोगडीगा.वि.स. लाई २ वडामा वडा नं. ६, ७ र बाँकी प्रत्येक गा.वि.स.लाई

१/१ वडामा विभाजन गरी यस कोटहीमाई गाउँपालिका का ७ ओटा वडाहरू कायम गरिएको छ। कोटहीमाई गाउँपालिकाको केन्द्र मझगावाँ यस गाउँपालिकाको वडानं. ५ मा अवस्थित छ।

**आर्थिक अवस्था**

यस गाउँपालिकाको आर्थिक स्थिति वारे जानकारी लिनु भन्दा पहिले जन समुदायको शैक्षिक स्थिति र आर्थिक सहभागीताबारेजानकारी लिनु उपयुक्तमानिन्छ। शैक्षिक रुपमा यहाँको जन समुदाय अन्य क्षेत्रको तुलनामा त्यति अगाडि देखिदैन। यस गाउँपालिकाको सिकाइ उपलब्धी स्तर हेर्दा पनि त्यो कुराको पुष्टि गर्न सकिन्छ। यहाँको मुख्य आयश्रोतका रुपमा कृषि बाहेक अन्य क्षेत्रलाईृ स्विकार गर्न सकिदैन। कृषिलाई आधुनिकीकरण गर्नु र जनसमुदायलाई दक्ष जनशक्तिमा रुपान्तरण गर्नुले मात्र यहाँको आर्थिक अवस्थामा सुधारको सम्भावना प्रवल देखिन्छ। सम्पूर्ण बस्तीहरू कृषिमा नै आश्रीत रहदै आएकाले अन्य गाउँपालिकाको तुलनामा यहाँको आर्थिक अवस्था त्यति मजबुत नभएको कुरालाई स्विकार गर्न सकिन्छ। पछिल्लो अवस्थामा आईपुग्दा यहाँका वासिन्दाहरूमा वैदेशिक रोजगारीको अवसर खोज्ने र विदेशतिर पलायन हुने सामान्य रोग लागेको छ यसकारणले गर्दा यहाँको आर्थिक अवस्थामा सामान्य सुधार आएतापनि सुदृढीकरणको प्रमुख उपायका रुपमा यसलाई ग्रहण गर्न सकिदैन। रोजगारीको हिसावले हेर्दा सबै विद्यालयहरूमा स्थानीय जनशक्तिको संलग्नता सम्पूर्ण रुपमा रहेको कुरालाई फरक ढङ्गले बुझ्न सकिदैन। निजामती सेवामा प्रवेश गर्नेहरूको संङ्ख्या एकदमै न्यून रहेको देखिन्छ। उद्योगहरूको इतिहास बनिसकेको छैन,भर्खरै मात्र केही साना तथा घरेलु उद्योगहरूको सुरुवात गरिएको छ। ती सुरु गरिएका उद्योगहरू पनि सानो (छोटो) पुँजीमा आधारीत छन र ठूलो स्केलका उद्योगहरू सञ्चालनमा आउने सम्भावना धेरै रहेपनि सुरुवात भएको देखिदैन।

गाउँपालिकाको केन्द्र र केही स्थानीय बजारहरूमा संलग्न व्यापारीहरू बाहेक अन्य व्यापार व्यवसायमा संलग्न रहेको जनशक्ति नगन्य रुपमा रहेको पाइन्छ। आर्थिक गतिविधिमा परम्परागत काम, सानातिना पसल र भारतीय भूमिहरूमा खर्चिने समयको उपलब्धी बाहेक अन्य त्यस्ता नयाँ गतिविधिहरू पाउन सकिदैन सामान्य जीविकोपार्जनका गतिविधिहरू बाहेक चुनौति मोल्नुपर्ने जोखिमपूर्ण कामहरूमा सक्रियता र सहभागिता त्यति साह्रो देखिदैन। गाउँपालिकाको स्तरबाट हेर्दा खोलाको बालुवाबाहेक अन्य आम्दानीका श्रोतहरू यहाँको भूगोलमा भेटिने अवस्थामा छैनन्।

### १.१.३ शैक्षिक अवस्था :

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो। शिक्षालेव्यक्तिको सर्वाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ। राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिकर पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ। देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्णभूमिका खेलेको हुन्छ। "समृद्ध नेपाल, सुखी नेपाली" हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो। सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवं गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशीला हो। मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नु आजको आवश्यकता हो।नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ। उक्तधाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुने, प्रत्येकनागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना रसञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ। यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकास जरुरी भएको छ।मुलुकको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रुपमा निर्धारणगर्न लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू

तर्जुमा गरिन्छ ।राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीतिमार्फतप्रतिविम्बित हुने गर्दछ । कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रियविकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसैपरिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा यो राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ ।

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति नेपालको संविधानमा उल्लेख छ ।

- उमेर समूहअनुसार प्रारम्भिक बालशिक्षाका लागि ४ वर्षदेखि ५ वर्षमुनी, कक्षा १-५ का लागि ५-९ वर्ष, कक्षा ६-८ का लागि १०-१२ वर्ष र माध्यमिक तह कक्षा (९-१२) का लागि १३-१६ वर्ष तोकिएको छ ।
- नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी,सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहारकेन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्न नीतिगत प्रबन्ध गर्ने प्रारम्भिक बालशिक्षाको नीति रहेको छ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहूँच र सहभागिता, संस्थागत क्षमता रगुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूलाई सेवाक्षेत्र (School Zone) को अवधारणा अनुरुप व्यवस्थित गर्ने ।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।
- माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने माध्यमिक शिक्षाको नीति रहेको छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिकशिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदानगर्ने ।

कोटहीमाई गाउँपालिकाको स्वीकृत शिक्षा सम्बन्धी नीति यस प्रकार रहेको छ :

- ➢ पाठ्यपुस्तक रहित पाठ्यक्रम सहित कक्षाकोठामा शिक्षक प्रवेश अभियान सञ्चालन गरिनेछ । विद्यार्थी सङ्ख्या अधिक र शिक्षक सङ्ख्या न्यून भएका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात मिलाउन गाउँपालिका स्तरबाट स्वयंसेवक शिक्षक खटाउने कार्यलाई निरन्तरता दिइने छ । नक्साङकनको आधारमा विद्यालय समायोजन एवम् पुन: वितरण गरिने छ ।
- ➢ विद्यालय शिक्षामा नवीनतम सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाइ जोड दिइने छ । सिपमूलक शिक्षाका लागि प्राविधिक धारका विद्यालय सञ्चालनलाई प्राथमिकता दिइ प्रोत्साहन स्वरुप जनशक्ति व्यवस्थापनका लागि अनुदान दिइने छ । हाम्रो कोटहीमाई स्थानीय पाठ्यक्रम २०७८ निर्माण गर्ने कार्य तिब्र गराइनेछ ।शिक्षकको पेसागत क्षमता प्रवर्धन गर्नुका साथै कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको नीति लिइने छ ।
- ➢ अनुगमनलाई थप प्रभावकारी बनाउन विशेषज्ञ सहितको एकल वा सामुहिक अनुगमन सञ्चालन गरिनेछ । जसमा शिक्षक पेसागत विकासका लागि विज्ञ समूह गठन गरी सहयोग प्रदान गरिने छ । विद्यालय शिक्षालाई प्रभावकारी बनाउन वर्षमा दुई पटक विद्यालयमा अन्तरक्रिया सुनिश्चित गरिने छ । विद्यालयको अतिरिक्त क्रियाकलाप अनिवार्य गराई गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप र पढाइ मेला सञ्चालन गरिने छ । विस्तृत अध्ययन सहित कोटहीमाई गाउँपालिकाको शिक्षा नीति

बनाइनेछ । अभिभावकको चाहना अनुरुप तल्ला कक्षाहरूमा अङ्ग्रेजी माध्यमबाट पनि पठनपाठन गर्न आवश्यक प्रोत्साहन गरिनेछ ।

- सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरस्कार र खराबलाई दण्डको नीति अवलम्बन गरिनेछ । उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रुपमा सम्मान सहित पुरस्कृत गरिनेछ । कार्यसम्पादन न्यून रहेका गैरजिम्मेवार रुपमा प्रस्तुत हुने र पदीय जिम्मेवारी, दायित्व र आचरण विपरित कार्य गर्ने शिक्षक र कर्मचारीलाई दण्डित गरिनेछ । प्रधानाध्यापकसँग कार्य सम्झौता करार गरी थप जिम्मेवार बनाइने छ । राम्रा अभ्यासको अनुकरण र अवलम्बनका लागि शिक्षकहरूलाई भ्रमणको व्यवस्था मिलाइने छ ।
- सबै विद्यालयहरूमा इन्टरनेट सेवा विस्तार गरिनेछ । सबै विद्यालयहरूमा पुनः इ-हाजिरी जडान गरी शिक्षक कर्मचारीको उपस्थिति प्रतिशत वृद्धिबाट थप जिम्मेवार र लगनशील बनाइने छ । बालविकास कक्षालाई प्रविधियुक्त बालमैत्री बनाउदै लिइने छ । प्रत्येक वडामा नमुना बालविकास कक्षा बनाउन स्मार्ट टीभी सहितको प्रविधियुक्त बनाइने छ । सङ्घीय कोटाका बालविकास शिक्षकहरूको तलबमा मासिक रूपमा ७ हजार र लेखा सहायक र कार्यालय सहयोगीहरूको अपुग रकम थप गरी मासिक १५ हजार तलब पुर्याइने छ ।
- साहित्य, कला, संस्कृति, सङगीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गरिनेछ। समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैंगिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइने छ ।
- राष्ट्रको सामाजिक–आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्याउनु विद्यालय क्षेत्र विकास कार्यक्रमको दुरदृष्टि रहेको छ ।

**तालिका नं -७**

**शैक्षिक संस्थाको विबरण २०८१**

| तहगत विद्यालय विवरण | सामुदायिक र धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बाल विकास केन्द्र | ३० | १५ | ४५ |
| आधारभूत तह कक्षा १-३ सञ्चालित | २ | २ | ४ |
| कक्षा १-५ सन्चालित | ८ | ४ | १२ |
| आधारभूत तह १-८ सञ्चालित | ५ | ५ | १० |
| माध्यमिक तह १-१० सञ्चालित | ३ | १ | ४ |
| माध्यमिक तह १-१२ सञ्चालित | ४ | १ | ५ |
| सामुदायिक सिकाइ केन्द्र | २ | ० | २ |

**स्रोत: EMIS dashboard 2081**

कोटहीमाई गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायि र धार्मिक तर्फ कक्षा १-३ सञ्चालन भएका २, कक्षा१-५ सञ्चालन भएका ८, कक्षा १-८ सञ्चालन भएका ५, कक्षा १-१० सञ्चालन भएका ३ वटा र कक्षा १-१२ सञ्चालन भएका ४ वटा गरी जम्मा २२ वटा र संस्थागततर्फ कक्षा १-३ सञ्चालन भएका २, कक्षा१-५ सञ्चालन भएका ४, कक्षा १-८ सञ्चालन भएका ५, कक्षा १-१० सञ्चालन भएका १ वटा र कक्षा १-१२ सञ्चालन भएका १ वटा गरी जम्मा १३ वटा विद्यालय छन् ।

**तालिका नं -८**

**बिद्यार्थी संख्या २०८१**

| | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ |
|---|---|---|---|---|
| सामुदायिक र धार्मिक | १११० | ४३०५ | १८८७ | १३३० |

| | | | | |
|---|---|---|---|---|
| संस्थागत | १६७२ | १९३१ | ३९६ | १३४ |
| जम्मा | २७८२ | ६२३६ | २२८३ | १४६४ |

**स्रोत: IEMIS २०८१**

२०८१ मा बालविकास तर्फ २७८२, कक्षा १- ५मा ६२३६, कक्षा ६- ८ मा २३८३, र कक्षा ९-१२ मा जम्मा १४६४ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या १२७६५ रहेको छ । माध्यमिक तहको कक्षा ११ मा विद्यार्थी ढिलो भर्ना हुन गई विद्यालयहरूले समयमै रिपोर्टिङ नगरेकोले विद्यार्थी संख्या कम देखिएको छ |

**तालिका नं -९**

शिक्षक दरबन्दी बिवरण २०८१

| क्रसं | तह | दरबन्दी | | | राहत अनुदान | शिक्षण सिकाइ अनुदान | गा.पा. अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | अस्थायी | स्थायी | जम्मा | | | | |
| १ | वाविके | ३० | ० | ३० | ० | ० | ० | ३० |
| २ | प्राथमिक(१-५) | ६ | ४७ | ५३ | २१ | ० | २१ | ९५ |
| ३ | निम्नमाध्यमिक(६-८) | ० | ३ | ३ | ४ | ९ | १७ | ३३ |
| ४ | माध्यमिक | ० | ७ | ७ | २ | १४ | ३ | २६ |
| ५ | साविक उमातह | ० | ० | ० | २ | ० | १ | ३ |
| | कुल जम्मा | ३६ | ५७ | ९३ | २९ | २३ | ४२ | १८७ |

**स्रोतः गाउँपालिकाको तलबी प्रतिवेदन प्रथम त्रैमासिक २०८१**

### १.७ गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौति र अवसरहरूको SWOT विश्लेषण

कोटाईमाई गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्यमुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ । सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ । सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ । गाउँपालिका क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका समस्या, समस्याका कारण, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ ।

**क) शैक्षिक समस्या**

कोटाईमाईगाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र गाउँपालिकाले अनुभूति र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्:-

१. आधारभूत विद्यालय उमेर समूहका बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु ।
२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु
३. आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु

४. शैक्षिक सुशासन कायम हुन नसक्नु उच्चशिक्षा प्रतिस्पर्धी उत्पादनमुखी र अनुसन्धानमूलक हुनसक्नु ।

५. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु

६. सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावको रोजाइमा पर्नु

७. सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता उत्तरदायित्व र उत्प्रेरणा कमी जसले गर्दा शिक्षण पेशा रोजाइको पेशा हुन सकेको छैन शिक्षकहरूको मानमर्यादा समाजमा अन्य कर्मचारी वर्गको भन्दा तल राखिनु ।

८. विद्यालयको भौतिक अबस्था सन्तोषजनक छ यद्यपि विद्यालयहरू विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तार तीर ध्यान दिनु

९. विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ । विद्यालयमा दण्डहीनता मौलाईरहेको छ शिक्षकले कक्षा कोठामा बिताउने समय कम रहेको छ । राम्रो शिक्षकलाई पुरस्कृत र अनुशासनहीन तथा आचारसंहिता विपरीत कार्य गर्ने शिक्षकलाई दण्ड हुन नसक्नु ।

१०. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु । शिक्षकको बृत्ती विकास अबैज्ञानिक र अपारदर्शी हुनु

११. विज्ञान, अङ्ग्रेजी र गणित विषयका शिक्षकहरूको अझैपनि गाउँपालिकामा अभाव रहुनु प्राथमिक तहका शिक्षकहरूको संख्या बढी देखिएको भएतापनि निमावि र माविमा अभाव हुनु ।

१२. शिक्षकहरूको पेशागत विकास तालिम प्रसस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु ।

१३. कोभिड -१९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन आन्तरिक तथा बाह्य दुबै पक्षले गर्दा ज्यादै कठिन हुनु ।

१४. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु ।

१५. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु ।

१६. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्रव्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु ।

१७. सबै माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा विषयगत दरबन्दीको अभाव भई न्यून वेतनमा तालिम नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराइनु ।

१८. विद्यालय अनुगमन निरीक्षणसुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।

१९. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको कक्षाकोठामा सही ढंगले प्रयोग हुन नसक्दा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको । दक्ष जनशक्ति स्रोत साधनको अभाव शिक्षकको अनिच्छा आदिले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन नसक्नु ।

२०. विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोकेबमोजिम आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्नेमा निरन्तर मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण प्राय: शुन्य हुनु ।

२१. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु ।

२२. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी हुनु ।

२३. संघीय शिक्षा ऐन जारी नहुनु ।

**ख )शैक्षिक समस्याका कारणहरू:**

१. अभिभावकले उपयुक्त उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा नपठाउनु, पालिकाका ५ देखि १२ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्याथी माथिल्लो कक्षा (कक्षा ६–८) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ ।

२. विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन । अभिभावकहरु दैनिक ज्यालादारी काम गर्न जाने र अभिभावक काममा गएपछि अभिभावकले विद्यालय पठाउदा समेत केहि बालबालिकाहरु विद्यालय नगई घरमा नै बस्ने गरेको देखिएको छ ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या अनुसार शिक्षक अभाव तथा अंग्रेजी माध्यम बाट शिक्षण सिकाई संचालन गनुर्पर्ने भएकाले निजि स्रोत शिक्षक ब्यवस्थापनार्थ मासिक रुपमा शुल्क नलिएपनि भर्नाको समयमा अभिभावकबाट आर्थिक सहयोग लिने गरिएकोले आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क छ भन्न सकिएको छैन ।

४. स्थानीय तहमा शैक्षिक सुशासन कायम हुन नसक्नु र उच्चशिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी, र अनुसन्धानमूलक हुन नसक्नुको प्रमुख कारण सीमित स्रोत र क्षमता, असंगठित व्यवस्थापन, र प्रबन्धकीय कमजोरी हो, जसले संस्थागत प्रभावकारिता र नवप्रवर्तनलाई रोक्दछ।

५. स्थानीय आवश्यकता र प्राथमिकतासँग मेल नखाने शिक्षा नीति र कार्यान्वयनका कारण सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन सकेको छैन ।

६. सामुदायिक विद्यालयका सिकाई उपलब्धि न्यून रहेको कारणले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा छन, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्ने गरेका छन ।

७. शिक्षकलाइ शैक्षिक पेसागत विकासका अवसरहरू कम प्रदान गरिनु, उत्प्रेरणाका लागि कम सेवा सुविधा तथा शिक्षकलाइ पुरस्कार र दण्डको ब्यवस्था नहुनु पनि हो ।

८. पूवाधारको विकासलाइ मात्र समुदाय तथा विद्यालय ब्यवस्थापन पक्षले चासोका रूपमा लिनु पूर्वाधारको विकासलाइ मात्र विकासको रूपमा लिएपनि गुणस्तरको विकासलाइ चासो दिएको पाइदैन ।

९. शिक्षण पेसाप्रति कम उत्प्रेरणा र शिक्षकहरू विद्यार्थीको सिकाइप्रति जिम्मेवार नहुनाले विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ ।

१०. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु

११. संघ सरकारले विज्ञान, अङ्ग्रेजी र गणित विषयका कम दरबन्दी उपलब्ध गराउनु, संघीय शिक्षण सिकाई अनुदान कम हुनु, गा.पा शिक्षण सिकाई अनुदान शिक्षक ब्यवस्थापन गर्न पालिका सँग स्रोतको अभाव हुनु तथा विद्यालयले निजि स्रोत शिक्षक ब्यवस्थापन गर्न नसक्दा नि.मा.वि र मा.वि तहमा विद्यार्थी सँख्याको आधारमा शिक्षक दरवन्दी कम भएको छ ।

१२. निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षक उत्प्रेरणको कमीले शिक्षकहरूको पेशागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठा शिक्षणमा कम प्रयोग हुन सकेको छैन ।

१३. पारिवारिक आर्थिक अवस्था, सबै विद्यार्थीले प्रविधिको प्रयोग गर्न नसक्नु, वैकल्पिक सिकाई विधिको कम प्रयोगका कारणले कोभिड १९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरु कम भएकाले विद्यार्थीको सिकाईमा क्षती हुन पुगेको छ ।

१४. शिक्षक विद्यार्थी निर्मित सिकाई सामाग्रीलाई प्राथमिकता नदिईनु, बजारमा पाईने शैक्षिक सामाग्री खरिद गर्न श्रोतको अभाव, शैक्षिक सामाग्री खरिदका लागि ३ वटै तहबाट बजेटको ब्यवस्था नहुनुले विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन सकेको छैन ।

१५. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गरि शिक्षण गर्न विद्यालयसँग स्रोतको अभाव छ उपलब्ध स्रोतको प्रयोग गर्न पनि शिक्षकलाई प्रविधिमैत्री तालिम संचालन गर्न नसक्दा शिक्षकहरुमा प्राविधिक ज्ञानको कमी छ ।

१६. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्रव्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने भएपनि भाैतिक पूर्वाधार विकास र शिक्षक ब्यवस्थापनमा बढी जिम्मेवार भएपनि गुणस्तर सुधारका याेजनामा काम गर्ने क्षमता नहुनु ।

१७. विषयगत दरबन्दीको अभावका कारणले केही माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा भई न्यून वेतनमा तालिम अप्राप्त र लाईसेन्स समेत नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराउनु परेकाे छ ।

१८. पालिका तहमा अनुगमन, मूल्यांकन र पृष्ठपोषण तथा शिक्षक सहायताका कार्यका लागि मानवश्रोतको अवस्था कम रहेको, विज्ञ समुहलाई निरन्तर परिचालनका लागि श्रोतको अभाव भएका कारणले विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन सकिरहेको छैन ।

१९. शिक्षण सिकाइका क्रममा शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको तालमेल, शिक्षक निर्देशिकालाई कम अनुशरण र शिक्षकको शिक्षण तयारी कम भएकाले कक्षाकोठामा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।

२०. परिक्षा केन्द्रित शिक्षण प्रणालीको निरन्तरता, अभिभावकलाई परिक्षा प्रणलीको चाहाना तथा कक्षाकोठामा आधारित मूल्यांकन र उपचारात्मक शिक्षणको प्रयोग कम भएका कारण निरन्तर विद्यार्थी मूल्यांकनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

२१. उपचारात्मक शिक्षण विधिको कम प्रयोगका कारणले शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरु जिम्मेवार नहुदा शैक्षिक उपलब्धि कमजोर हुनु, शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न सकिएको छैन ।

२२. विषयगत दरवन्दी अभावका कारणले प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने जिम्मेवारी भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी देखिएको छ ।

२३. संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नितीगत र कानुनी अन्योलतामा कायम भई कार्यमा अन्यौलता र अप्रभावकारीता देखिएको छ ।

**ग) चुनौतिहरू**

१. सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण कम भएको छ ।
२. शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन पालिका स्तरमा विज्ञको अभाव रहेको छ ।
३. निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवहारिक कार्यान्वयन गराउन सकिएको छैन ।
४. विषयगत दक्ष शिक्षकको पर्याप्तता छैन तल्ले तहका शिक्षकले माथिको तहमा अध्यापन गराउनु परेके छ ।
५. नवीनतम प्रविधिको पहुँच र उपयोग गरि प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न सकिएको छैन ।
६. पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्री उपलब्ध र प्रयोग हुन सकेको छैन ।
७. अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच कम छ ।
८. तथ्याङ्क विश्लेषण गरि विद्यालय शिक्षामा पहुँचयुक्तता, गुणस्तर र सान्दर्भिकताका अवस्था यकिन गर्न सकिएको छैन।
९. बालबालिकाप्रित अभिभावकको कम चासो तथा विद्यार्थी निरन्तरतामा कमी रहेको छ
१०. विपदको समयमा बैकिल्पिक शिक्षाको निरन्तरता हुन सकेको छैन ।

**ग) अवसरहरू**

१. आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार
३. स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता
४. गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह
५. विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि
६. सकरात्मक लैङ्गिक समता सूचकाङ्क
७. शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता
८. शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता
९. तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य
१०. मूल्याङ्कन प्रतिवेदन
११. कार्यसम्पादनमा आधारित करार

## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ सन्दर्भ र औचित्य

कोटहीमाई गाउँपालिकाले शिक्षालाई सधैं पहिलो प्राथमिकतामा राखेको छ । नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्वपूर्ण बिषयका रुपमा आत्मसाथ गर्दै आएको छ । साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरू समेत गरेको छ।

विद्यालयमा नयाँ नेतृत्व विकास, शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदान, कम्तिमा एक सामुदायिक विद्यालयमा एक बाल विकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गतामैत्री प्रणालीको अवलम्बन गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक बर्ष विशेष महत्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुदै आएको छ।

बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तह सम्मका विद्यालयहरूमा निःशुल्क र अनिवार्य शिक्षा घोषणा गरिएको छ। शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिदै आइराखेको छ। यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य हुर्दै आइरहेको छ।

मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ। साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै यस पालिका शिक्षाको लागि सबैको आकर्षणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ।

यही सन्दर्भलाई दृष्टीगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा पालिकाले अबको ५ वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरीएको छ।

कोटहीमाई गाउँपालिकाको शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि विगत देखि नै विभिन्न प्रयासहरू भैरहेका छन्। नेपालको सबै क्षेत्रमा शैक्षिक अवसरमा समान पहुँच पुर्याउनु राज्यको दायित्व हो। हाल कोटहीमाई गाउँपालिकामा साविक बोगडी , मझगावा, बैरघाट, मर्यादपुर, सिपवा र स.पकडी गा.वि.स. कोटहीमाई गाउँपालिकाका ७ वटै वडा को गाउँपालिकाको शिक्षा शाखाको सेवाक्षेत्र भित्र समेटिएका छन्। जुन शैक्षिक निकाय जिल्ला सदरमुकाम भैरहवा देखि १५ कि.मि.को दूरिमा अवस्थित छ। जिल्लाको दक्षिणी भागमा अवस्थि रहेकोले यो निकाय जिल्लाका अरु स्थानीय निकाय को तुलनामा दूर्गम क्षेत्र मानिन्छ। पूर्वमा भारतको उत्तर प्रदेश, पश्चिममा लुम्बिनी सांस्कृतिक नगरपालिका, उत्तरमा मायादेवी गाउँपालिका र दक्षिणमा मर्चवारी गाउँपालिका र सम्मरीमाई गाउँपालिका पर्ने यस शैक्षिक पालिकामा १ क्याम्पस, ७ मा.वि., ३ आधारभूत तह, ४ प्रा.वि, ८ मदरसा र १३ संस्थागत विद्यालय र २ सामुदायिक सिकाइ केन्द्र छन्। स्थानीय तह कोटहीमाई गाउँपालिका गाउँ कार्यपालिकाको मातहतमा शिक्षा, युवा तथा खेलकुद शाखाको रुपमा स्थापना भई सेवा प्रवाह गर्दै आएको छ।

कोटहीमाई गाउँ पालिकाको शैक्षिक सुधार एवं विकासका लागि जनमुखी, जवाफदेही, पारदर्शी तथा जनसहभागितामूलक, शैक्षिक प्रशासनको विकास गर्न र शिक्षाको प्रतिफल सरोकारवालालाई उपलव्ध गराई कानुनको शासन भ्रष्टाचार मुक्त र चुस्त प्रशासन,विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा स्रोतको कुशल वयवस्थापन जस्ता अशल शासनका आधारभूत मान्यतालाई आत्मासात गरी सर्वसाधारणमा गुणस्तरीय शैक्षिक सेवा छिटोछरितो र कम खर्चिलो ढङ्गबाट प्रदान गर्ने अवस्था सिर्जना गर्न गाउँ शिक्षा समितिको व्यवस्था गरिएको छ । शिक्षा समिति एउटा शैक्षिक एकाइको रुपमा रहेको शिक्षा क्षेत्रको सुदृढ र विकास गर्न गाउँ शिक्षा समितिले शिक्षा,युवा तथा खेलकुद शाखालाई प्रभावकारी, उत्तरदायी र प्राविधिक सेवा प्रदान गर्ने शैक्षिक खम्बाको रुपमा कार्य गर्ने सवल, सक्षम संस्थाको रुपमा प्रस्तुत हुने सम्मानजनक आधारहरू तयार गरिरहेको अवस्था छ ।

### २.३ कोटहीमाई गाउँपालिकामाको दीर्घकालीन सोच तथा गन्तव्य

युग सुहाउदो शिक्षा प्रणाली अवलम्बन गरी जीवनोपयोगी एवं रोजगारमूलक शिक्षामार्फत समृद्ध कोटहीमाई र सुखी कोटहीमाईबासी बनाउन योगदान गर्ने ।

### २.४ लक्ष्य (Goal)

१० वर्ष सम्ममा सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

### २.५ उद्देश्यहरू

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धी गर्ने ,
- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने,
- उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने,
- प्राविधक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने,
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने,
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ,
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने,
- सबै निरक्षरहरूलाइ पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने,

- सार्बजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्ने,
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने।

## २.६ रणनीतिहरू

**२.६.१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्दी गर्ने।**

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड, नम्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने
- गरिब तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने
- लागत सहभागिता अभिवृद्धि गर्ने
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने

**२.६.२ सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने।**

- विद्यालय नक्साङ्कन गर्ने
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धि क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने
- शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

- मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
- अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

**२.६.३ माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने ।**

- विद्यालयहरूको नक्साङ्कन गर्ने
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
- बैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने

- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने

**२.६.४ उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने ।**

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने
- स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने
- खुला एवम् दूर शिक्षा लगायतका व्यस्थामार्फत समेत उच्च शिक्षामा पहुँचवृद्धिका लागि पहल गर्ने
- पिछडिएका क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने
- उच्च शिक्षा विकासका लागि सार्बजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने
- स्थानीय तहको मानव संसाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने
- आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने

**२.६.५ प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,

- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

**२.६.६ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने ।**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- शिक्षकको पेसागत सक्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा,  बहु भाषा प्रयोग गरिने,
- विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

**२.६.७ गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।**

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,

- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने,

**२.६.८ विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयकोविकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने ।**

- विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने,
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने,
- विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गरिने,
- शिक्षक दरबन्दी मिलानतथा प्रधानाध्यापक नियुक्ति,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परिक्षण गरिने,
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने,
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने ।

**२.६.९ सबै निरक्षरहरूलाइ पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने ।**

- सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरिने,
- सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संसथाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने,
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गरिने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,
- सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने ।

**२.६.१० सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने ।**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संघसंस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने,
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने,
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने,
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने,
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने,
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने,
- सार्बजनिक शिक्षामा सुशासन प्रबर्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने ।

**२.६.११ शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने**

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसरप्रदान गरिने,
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने,
- आवश्यकताअनुसार पोसाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने,
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने,
- विद्यालयमा अभिभावको सहभागिता बढाइने,
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने,
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।

**२.६.१२ सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्ने ।**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामूदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने,

**२.६.१३ विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने ।**

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने,
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी,
- कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङकन तथा विश्लेषण,
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र, उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गर्ने,
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरू बिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

**मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

योजनाले योजना अवधिभर हासिल गर्नु पर्ने मुख्य कार्यसम्पादन सूचक तथा लक्षहरू देहाय बमोजिम तय गरिएको छ । आधारभूत सूचनाको अभाव रहेका सूचकमा लक्ष्य प्रक्षेपण गरिएको छैन ।

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १३०.२ | १२७.६ | ११८.५ | १०९.३ | **Calibration toolkit** |
| | | प्रदेश | १०६.८ | | | | |
| | | राष्ट्रिय | ९९.९ | ८९.५ | ९४.० | ९९.० | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ५७.३ | ६३.२ | ६९.६ | ७६.८ | |
| | | प्रदेश | ८४.३ | | | | |
| | | राष्ट्रिय | ७६.९ | ७३.० | ८५.० | ९५.० | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ – ८)** | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ७५.५ | ८०.७ | ८६.३ | ९२.२ | |
| | | प्रदेश | ९५.८ | | | | |
| | | राष्ट्रिय | ९५.७ | ९७.५ | ९९.० | १०० | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११७.६ | १०८.८ | १००.७ | ९३.२ | |
| | | प्रदेश | ११९.५ | | | | |
| | | राष्ट्रिय | ११५.९ | ११५.० | १०७.० | १०५.० | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.४ | ९८.३ | ९९.६ | १०० | |
| | | प्रदेश | ९५.५ | | | | |
| | | राष्ट्रिय | ९५.६ | ९९.० | ९९.५ | १०० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११५.८ | १११.२ | १०६.८ | १०२.१ | |
| | | प्रदेश | १२८.४ | | | | |
| | | राष्ट्रिय | १२४.८ | ११५.० | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ४८.७ | ५३.७ | ५९.२ | ६५.३ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ३९.४ | ४३.४ | ४७.९ | ५२.८ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| २.७ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.८६ | ०.९० | ०.९७ | १.०१ | |
| | | प्रदेश | ०.९१ | | | | |
| | | राष्ट्रिय | ०.९२ | | | १.०१ | |
| २.८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९४.८ | ९५.३ | ९६.२ | ९८ | |
| | | प्रदेश | ९५.१ | | | | |
| | | राष्ट्रिय | ९५.२ | ९९.० | | १०० | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १२४.६ | १२१.८ | ११८.६ | ११५.५ | |
| | | प्रदेश | १२३.९ | | | | |
| | | राष्ट्रिय | १२१.६ | | | | |
| २.१० | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ३५.७ | ४२.४ | ५०.४ | ५९.९ | |
| | | प्रदेश | ८६.२ | | | | |
| | | राष्ट्रिय | ८६.३ | | | ९५.० | |
| २.११ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ४१.२ | ५३.४ | ६३.४ | ६९.१ | |
| | | प्रदेश | ८८.२ | | | | |
| | | राष्ट्रिय | ८८.९ | | | ९५.० | |
| २.१२ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९७ | ०.९८ | ०.९९ | १.०१ | |
| | | प्रदेश | ०.९१ | | | | |
| | | राष्ट्रिय | ०.९३ | १.०१ | | | |
| २.१३ | विद्यालय वाहिर रहेका बालबालिका* (%) आधारभूत (कक्षा १-८) | स्थानीय | ५.८ | ५.१ | ४.३७ | २.७१ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६.६ | | १.० | ० | |
| २.१४ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | २१.४ | २५ | ३३ | ३८ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ७४.५ | ८२.६ | ८५.३ | ९० | |
| | | प्रदेश | ५५.२ | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ५६.८ | | ६५.० | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | १०२.१ | १०१ | १०० | १०० | |
| | | प्रदेश | ८०.९ | | | | |
| | | राष्ट्रिय | ८३.२ | | | ९९.० | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ०.७५ | ०.७७ | ०.७९ | ०.८२ | |
| | | प्रदेश | १.०१ | | | | |
| | | राष्ट्रिय | ०.९९ | १.०० | १.०० | १.०० | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ५९.८ | ८१.८ | ८७.८ | ९१.० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | २७.७ | २९.५ | ३१.१ | ३३.४ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | |
| ४. | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ५८.५ | ६२.० | ६५.० | ७०.० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ५१.८ | ५८.० | ६५.० | ७०.० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ८९.३ | ९९ | ९९.५ | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.८६ | ०.९० | ०.९३ | ०.९७ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | |
| ५. | | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा | स्थानीय | ६८ :१ | ५८:१ | ४८:१ | ३८:१ | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५३:१ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १०६.१ | ९०.५ | ८५.५ | ७०.५ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | |
| ७. | **शिक्षामा लगानी** | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ९.० | १२.६ | १५.४ | १७.३ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | |

# परिच्छेद ३ :शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो। यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एकवर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ। नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिईएको सन्दर्भमा कोटहीमाई गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरिएको छ। यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुर्याउनको लागि सरकारी तथा गैह्र सरकारी संस्था, स्थानीय सरकार, सामुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूले हातेमालो वा सहयोग हुन आवश्यक छ।

| २३ | निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा छोटो अवधिका सीपमूलक एवं स्वरोजगारमूलक तालिम सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ५ |
| २४ | पालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| २५ | लागु पदार्थ दुर्व्यसनी न्यूनीकरण गर्ने कर्यक्रमहरु संचालन | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| २६ | मनोसामाजिक परामर्श सम्बन्धि कार्यक्रम संचालन | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| २७ | बिधार्थी हरु लाइ सिकाई प्रति आकर्षण गर्न शैक्षिक मेला को आयोजना | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| २८ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था | जना | 3 | 3 | 3 | 3 | ३ | १५ | ३० |

### ३.३.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | ४०० | – | ४०० | – | ४०० | १,२०० |
| सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | २,२६८ | २,२६८ | २,२६८ | २,२६८ | २,२६८ | ११,३४० |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | ९१ | ९१ | ९१ | ९१ | ९१ | ४५५ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | १,३३४ | १,३३४ | १,३३४ | १,३३४ | १,३३४ | ६,६६८ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १- | २,६७१ | २,६७१ | २,६७१ | २,६७१ | २,६७१ | १३,३५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२) बिद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता | | | | | | |
| माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, BookCorner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | ३,५०० | ३,५०० | ३,५०० | ३,५०० | ३,५०० | १७,५०० |
| माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग,School bulletin प्रकाशन, आदिका लागि) | ४९० | ४९० | ४९० | ४९० | ४९० | २,४५० |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | ७२७ | ७२७ | ७२७ | ७२७ | ७२७ | ३,६३३ |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | ४०१ | ४०१ | ४०१ | ४०१ | ४०१ | २,००५ |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ६०४ | ७१४ | ७६९ | ८२४ | ८७८ | ३,७८८ |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ४८६ | ५२७ | ५६७ | ६०८ | ६४८ | २,८३५ |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | ९५० | १,११६ | १,१५९ | १,२६० | १,३०१ | ५,७८६ |
| माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | ० | ० | ४४१ | ४९० | ५३९ | २,०५८ |
| माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | ० | ० | ४४१ | ४९० | ५३९ | २,०५८ |
| माध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | ० | ० | ४४१ | ४९० | ५३९ | २,०५८ |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| सिकाई उपलब्धि कमजोर भएका बालबालिकाहरू लक्षित सिकाइ सहयोग कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | २५० |
| प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका लागि पालिका स्तरीय सम्भाव्यता पहिचानका लागि नक्शाकन कार्य सञ्चालन | ० | ४० | ० | ० | ० | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राविधिक धारमा कार्यरत प्रशिक्षकको पेसागत विकास तालिम सञ्चालन | १०० | ० | १०० | ० | ० | २०० |
| अति बिपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको बिद्यालय पहुँचका लागि सहयोग कार्यक्रम | ० | २०० | २०० | २०० | २०० | ८०० |
| वहु प्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन | ० | ० | 300 | ० | ० | 300 |
| निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा छोटो अवधिका सीपमूलक एवं स्वरोजगारमूलक तालिम सञ्चालन | ० | ० | १५० | १५० | १५० | ४५० |
| पालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० |
| लागु पदार्थ दुर्व्यसनी न्यूनीकरण गर्ने कर्यक्रमहरु संचालन | ० | २०० | २०० | २०० | २०० | ८०० |
| मनोसामाजिक परामर्श सम्बन्धि कार्यक्रम संचालन | ० | २०० | २०० | २०० | २०० | ८०० |
| बिधार्थी हरु लाइ सिकाई प्रति आकर्षण गर्न शैक्षिक मेला को आयोजना | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० |
| **माध्यमिक तहको जम्मा बजेट(हजारमा)** | 14,821 | 15,982 | 16,865 | 17,557 | 17,792 | **83,016** |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय र वर्तमान अवस्था

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बिच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएतापनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिंग, अपाङ्गता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलब्धिमा सुधार गर्दै श्रम बजार सँग आवद्ध गर्नुपर्ने देखिन्छ ।वि. सं. २०७२ को संविधान सँगसँगै “समृद्ध नेपाल, सुखी नेपाली” भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम रोगारीका अवसरहरू सृजना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ।

लुम्बिनी प्रदेश रुपन्देही जिल्ला अन्तर्गत कोटहिमाइ गाउँपालिकाकृषि तथापशुपालनको क्षेत्रमा उपयुक्त मानिन्छ यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र

स्वालम्बन हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यवसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ । यद्यपी कोटहिमाई  गाउँपालिकामा प्राविधिक शिक्षा पठनपाठन हुने कुनै पनि विद्यालय वा संस्थाहरू रहेका छैनन ।

**३.४.२ समस्या र चुनोतिहरू**

कोटहिमाई गाउँपालिकामा प्राविधिक शिक्षा र व्यवसायिक तालिमका मुख्य समस्या र चुनौतीहरू निम्नानुसार छन्:

१. पालिकाभित्र कुनै पनि किसिमको प्राविधिक शिक्षालय नहुनाले प्राविधिक शिक्षा र व्यवसायिक तालिमको स्थानीयमा पहुँचमा कमी,
२. प्राविधिक शिक्षा र तालिमका लागि आवश्यक स्रोत साधन, जस्तै लगानी, आधुनिक उपकरण र सामग्रीको अभाव,
३. अनौपचारिक तालिमको प्रभावकारिता र गुणस्तरको अनुगमन गर्नको लागि स्पष्ट मापदण्डको कमी
४. उद्योग र बजारको आवश्यकतासँग मेल खाने पाठ्यक्रमको अभावले तालिमप्राप्त युवाहरूको रोजगारीमा समस्या
५. स्थानीय समुदायको प्राविधिक शिक्षा र व्यवसायिक तालिमप्रतिको चासो र संलग्नतामा कमी
६. ब्यवसायिक तालिमका लागि आवश्यक आर्थिक सहयोग र प्रोत्साहनको कमीले युवाहरूलाई प्रशिक्षित हुनबाट रोक्नु

**३.४.३ उद्देश्यहरू**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु,
२. स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु,
३. प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,

**३.४.४ रणनीतिहरू**

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्तिसरोकारवालाहरूसँग समन्वय गर्ने,
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउनप्रोत्साहन गर्ने,
६. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
७. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी / जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
८. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
९. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
१०. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने।

**३.४.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमापर्याप्त अवसर प्राप्त गरेको हुने बिद्यालय संख्या | ० | ० | १ | ० | १ | १ |
| २ | स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने बिद्यालय संख्या | ० | ० | ० | १ | ० | १ |
| ६ | खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको बिद्यालय | ० | ० | ० | ० | १ | ० |
| ८ | उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने बिद्यार्थी संख्या | ० | ० | ० | ० | ० | १ |
| ९ | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा | ० | ० | ० | ० | १ | ० |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | लगानी अभिवृद्धि हुने बिद्यालय संख्या | | | | | | |

### ३.४.६ प्रमुख क्रियाकलाप रपरिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बहु प्राविधिकशिक्षालयको स्थापना | विद्यालय | ० | ० | ० | ० | १ | १ | १ |
| | रोजगारपरामर्श सेवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | स्वरोजगारप्रवर्द्धन कार्यक्रम | पटक | ० | ० | १ | १ | १ | ३ | ३ |
| ३ | प्राविधिकतथा व्यावसायिक विद्यालय | पटक | 0 | ० | १ | 0 | 0 | १ | १ |
| ४ | प्रयोगशालाव्यवस्थापन र स्तरोन्नति | | ० | ० | ० | १ | १ | २ | 5 |
| ५ | युवाहरुलाईखोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | प्राविधिकशिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागिकार्यक्रम | पटक | ० | ० | ० | ० | १ | १ | ५ |

### ३.४.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| बहुप्राविधिक शिक्षालयको स्थापना | ० | ० | ० | ० | १००० | १००० |
| रोजगार परामर्श सेवा संचालन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| स्वरोजगार प्रवर्द्धन कार्यक्रम | ० | ० | १५० | १५० | १५० | ४५० |
| प्राविधिक तथा व्यावसायिक विद्यालय | ० | ५०० | ० | ० | ३०० | ६०० |
| प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | ० | ० | ० | ५०० | ५०० | १००० |
| युवाहरुलाईखोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| प्राविधिकशिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागिकार्यक्रम | ० | ० | ० | ० | २०० | २०० |

| पाठ्यक्रम र मुल्यांकन कार्यक्रमको जम्मा बजेट **(हजारमा)** | 200 | 700 | 350 | 850 | 2350 | 4250 |
|---|---|---|---|---|---|---|

## ३.५ अनौपचारिक शिक्षार जीवनपर्यन्त सिकाई

### ३.१.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक रुपमा प्राप्त गर्ने शिक्षा भन्दा अनौपचारिक रुपमा प्राप्त गरिने ज्ञान सीप र दक्षताका अर्थात विभिन्न सिकाइ पद्धतिहरुबारे जो जीवनका अभिन्न अंगको रुपमा जीवन पर्यन्त सिकि रहनुपर्ने र असल जीवन जिउनको लागि महत्वपूर्ण रहेको हुन्छ । अनौपचारिक शिक्षा भन्नाले औपचारिक शिक्षाबाट बन्चित, औपचारिक शिक्षा प्राप्त गर्न अवसर नपाएका र निरन्तर शिक्षा प्राप्त गर्न इच्छुक नागरिकहरुलाई प्रदान गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमलाई बुझ्नु पर्दछ । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यस अन्तर्गत साक्षरता र निरन्तर शिक्षा कार्यक्रम, जिवन पर्यन्त शिक्षा कार्यक्रम, वैकल्पिक विद्यालय शिक्षा जस्ता कार्यक्रमहरु संचालन हुने गर्दछन् । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन ।

संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासको लक्ष्य नं ४तथा आवधिक योजनामा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ । यस खण्डमा स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा समस्या एवं चुनौतीहरुको पहिचान गर्दै चुनौतीहरुको सामना गर्न यसको उद्धेश्य र नीतिहरु कार्यक्रम कार्यान्वयन वाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु यसमा समावेश गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

कोटहीमाई गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा भइसकेको सन्दर्भमा १५ देखि ६० वर्ष उमेर समुहका निरक्षरहरुलाई साक्षर वनाउने कार्यमा योगदान गरेको देखिन्छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कूल साक्षरता दर प्रतिशत जसमध्ये पुरुष र महिला प्रतिशत रहेको छ । २०७२ सालमा रुपन्देही जिल्ला साक्षर घोषणा हुनुपुर्व साविकका गाविसहरुमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरु सञ्चालनमा आए । नेपाल सरकारले सामुदायिक सिकाइ केन्द्रहरु को स्थापना गरी सो मार्फत समेत अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन रहेका छन् ।

तालिका :२०

पाँच वर्ष र पाँच वर्ष भन्दा माथिको साक्षरता विवरण

| उमेर | जम्मा जनसंख्या | पढ्नलेख्न दुवै जानेको | | पढ्नमात्र जानेको | | पढ्नलेख्न दुवै नजानेको | | उल्लेखनगरिएको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| 05 Year | 1141 | 429 | 446 | 5 | 8 | 119 | 118 | 9 | 7 |
| 06 Year | 1080 | 476 | 468 | 1 | 2 | 65 | 60 | 6 | 2 |
| 07 Year | 993 | 446 | 473 | 2 | 4 | 39 | 26 | 1 | 2 |
| 08 Year | 1255 | 560 | 613 | 1 | 1 | 41 | 36 | 2 | 1 |
| 09 Year | 742 | 345 | 376 | 1 | 0 | 10 | 10 | 0 | 0 |
| 10 Year | 1427 | 689 | 697 | 1 | 0 | 24 | 16 | 0 | 0 |
| 11 Year | 689 | 324 | 351 | 0 | 0 | 9 | 5 | 0 | 0 |
| 12 Year | 1230 | 555 | 650 | 0 | 0 | 16 | 9 | 0 | 0 |
| 13 Year | 926 | 454 | 453 | 0 | 0 | 7 | 11 | 1 | 0 |
| 14 Year | 1013 | 503 | 484 | 0 | 0 | 17 | 9 | 0 | 0 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 15 Year | 1087 | 524 | 522 | 1 | 0 | 23 | 17 | 0 | 0 |
| 16 - 19 Years | 4266 | 1984 | 2083 | 1 | 0 | 123 | 75 | 0 | 0 |
| 20 - 24 Years | 4453 | 1823 | 2103 | 0 | 0 | 379 | 147 | 1 | 0 |
| 25 - 29 Years | 3776 | 1223 | 1567 | 0 | 1 | 737 | 248 | 0 | 0 |
| 30 - 34 Years | 3001 | 674 | 1150 | 3 | 3 | 896 | 273 | 2 | 0 |
| 35 - 39 Years | 3022 | 446 | 1083 | 2 | 4 | 1109 | 378 | 0 | 0 |
| 40 - 44 Years | 2318 | 210 | 789 | 0 | 0 | 936 | 383 | 0 | 0 |
| 45 - 49 Years | 1988 | 150 | 595 | 2 | 2 | 863 | 376 | 0 | 0 |
| 50 - 54 Years | 1614 | 76 | 432 | 0 | 4 | 714 | 388 | 0 | 0 |
| 55 - 59 Years | 1320 | 43 | 320 | 1 | 1 | 578 | 377 | 0 | 0 |
| 60 - 64 Years | 1288 | 47 | 255 | 0 | 0 | 621 | 365 | 0 | 0 |
| 65 - 69 Years | 1266 | 38 | 252 | 0 | 0 | 548 | 427 | 1 | 0 |
| 70 - 74 Years | 920 | 17 | 161 | 1 | 0 | 400 | 341 | 0 | 0 |
| 75+ Years | 609 | 13 | 101 | 0 | 1 | 265 | 229 | 0 | 0 |
| कुलजम्मा | 41424 | 12049 | 16424 | 22 | 31 | 8539 | 4324 | 23 | 12 |

स्रोत: राष्ट्रिय जनगणना २०७८

माथि उल्लेखित तथ्यांक को अधार मा यस कोताहिमाई गाउँ पालिका मा जम्मा १२८६३(महिला ८५३९ र पुरुष ४३२४) जना ले पढ्न लेख्न जानेको छैनन् | तथ्यांक अनुसार कुल जनसंख्या को ३७% जनसंख्या अझै निरक्षर रहेको अवस्था छ |आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानिय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रुपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले नत व्यक्तिगत रुपमा नत संस्थागत र प्रणालीगत रुपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ । सबै युवाहरुका लागि खुला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन । सामुदायिक सिकाइ केन्द्रलाई अपेक्षित रुपमा सुदृढीकरण तथा व्यवस्थापन गर्न सकिएको छैन । त्यसैगरी आवश्यकता अनुरुप आजीवन सिकाइका अवसरहरु विस्तार गर्न सकिएको छैन ।

उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ ।

१. साक्षर गाउँपालिका घोषणा गरिएको भएता पनि निरक्षरहरुको संख्या रहि रहनु ।
२. आनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित नहुनु ।
३. नवसाक्षरहरुलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रममा लगाउन नसकिनु ।
४. मौलिक तथा पुस्तौनी ज्ञान तथा सिपको पहिचान, संरक्षण प्रवर्धन गर्न नसक्नु ।
५. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा सहसम्वन्ध कायम गर्न नसकिनु ।
६. युवा तथा प्रौढहरुमा कार्यमुलक साक्षरता, पढ्ने वानीको कमि र डिजिटल साक्षरताको कमि ।
७. अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमासंस्थागत विकास हुन नसक्नु ।
८. साक्षरता, निरन्तर सिकाइ, आयमुलक सिप, समय सापेक्ष सुचना प्रविधियुक्त कार्यमुलक सिकाइ तथा समकक्षताको व्यवस्था हुन नसक्नु ।
९. अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा वैकल्पिक शिक्षाका लागि मापदण्ड अनुकुल पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्री विकास हुन नसक्नु ।

३.१.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ सम्बन्धी निम्न लिखित उद्धेश्यहरु राखेको छ ।

१. सामुदायिक सिकाइ केन्द्रको आवश्यकताअनुसार स्थापना गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
२. अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरि डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने|
३. आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मुलधारमा ल्याउने ।
४. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्ने ।

३.१.४ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छ :

१. सामुदायिक सिकाइकेन्द्रको आवश्यकताअनुसार स्थापना गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
२. गाउँपालिकाभित्र पुन: घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिनेछ ।
३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।
४. नवसाक्षर,प्रौढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायिक वनाउन सहयोग गरिने छ।
५. मौलिक एवम् परपरागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
६. तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र भाषिक विविधता अनुरुपका डिजिटल सिकाइ सामग्री विकास, सिकाइ परीक्षण र प्रमाणीकरणका लागि आवश्यक प्रबन्ध गरिने छ ।
७. गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र सञ्चालन र सेवा प्रवाह गर्ने बहुद्देश्यीय संयन्त्रको रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रुपमा विकास गर्ने छ ।
८. अन्तर सरकार अन्य सरोकारवालाहरुबिच समन्वय, सहकार्य र साझेदारीमा वैकल्पिक शिक्षा सञ्चालनका निमित्त सामुदायिक संरचना तथा जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यान्वियन गरिने छ ।

उपलब्धी नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

**क) उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | ० | ० | ० | ० | १ | ० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * (%) | ० | ० | १५० | २०० | २५० | ३०० |
| ४ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ | ० | ० | १ | ० | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | केन्द्रको सङ्ख्या | | | | | | |
| ५ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | ० | ० | १ |

प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | स्थानीयतह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमाअनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड रनिर्देशिकाहरूको विकास गर्ने | पटक | | 1 | | 1 | | २ | ४ |
| २ | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरूसँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन रव्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूपविकास गर्ने | पटक | | १ | | | | १ | ५ |
| ३ | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षितकार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरताबनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन | पटक | 1 | | 1 | | 1 | ३ | ६ |
| ४ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आमसन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा रनिरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | १० |
| ५ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययनकेन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमापुस्तकालय स्थापना र सन्चालन गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिकबिषयबस्तु विकास गर्दा | पटक | 2 | 2 | 2 | 2 | 2 | १० | २० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्यस्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | | | | | | | | |
| ७ | हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारितनमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन रव्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयनगरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | पटक | 2 | 2 | 2 | 2 | 2 | ५ | १० |
| ८ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेटअनुदान | जना | 2 | 2 | 2 | 2 | 2 | २ | २ |
| ९ | शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नुमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | १० |
| १० | CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिम | पटक | 2 | 2 | 2 | 2 | 2 | १० | १० |
| ११ | घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | १० |
| १२ | शैक्षिक पहुँच सुनिश्चित गर्न बैकल्पिक शिक्षा कार्यक्रम संचालन | पटक | 0 | 1 | 1 | 1 | 1 | ५ | १० |
| १४ | आय आर्जन सीप विकास तालिम कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सीप विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | सामुदायिक सिकाई केन्द्र मार्फत बिद्यालय बाहिर रहेका बालबालिका हरुको तथ्यांक संकलन गर्ने र EMIS मा अध्यावधिक गर्ने | पटक | ० | १ | १ | १ | १ | ५ | १० |

### ३.५.७ प्रमुख क्रियाकलापतथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | ० | १०० | ० | १०० | ० | २०० |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | १००० | ० | ० | ० | ० | १००० |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | २५० | ० | २५० | ० | २५० | ७५० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० |
| स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | २,००० | २,००० | २,००० | २,००० | २,००० | १०००० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | २,००० | २,००० | २,००० | २,००० | २,००० | १०००० |
| हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | १,५०० | १,५०० | १,५०० | १,५०० | १,५०० | ७५०० |
| हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | ५७२ | ५७२ | ५७२ | ५७२ | ५७२ | २८६० |
| अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | ५,००० | १०,००० | ३०,००० | २०,००० | १०,००० | ७५००० |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नुमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट | २०० | २०० | २०० | २०० | २०० | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अनुदान | | | | | | |
| CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागिबजेट अनुदान | ५ | ५ | ५ | ५ | ५ | २५ |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | ० | ५० | ० | ५० | ० | १०० |
| शैक्षिक पहुँच सुनिश्चित गर्न बैकल्पिक शिक्षा कार्यक्रम संचालन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| आय आर्जन सीप विकास तालिम कार्यक्रम सञ्चालन | १०० | १५० | १५० | १५० | १५० | ७०० |
| अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास | ५० | ५० | ५० | ५० | ५० | २५० |
| सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सीप विकास कार्यक्रम सञ्चालन | २०० | २५० | ३०० | ४०० | ४०० | १५५० |
| सामुदायिक सिकाई केन्द्र मार्फत बिद्यालय बाहिर रहेका बालबालिका हरुको तथ्यांक संकलन गर्ने र EMIS मा अध्यावधिक गर्ने | ० | ५० | ५० | ५० | ५० | २०० |
| **अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमको जम्मा बजेट(हजारमा)** | **१३६७७** | **१७६७७** | **३७८२७** | **२७८२७** | **१७९२७** | **११४९३५** |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो। पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन। देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ। के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो। मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन्। मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ। पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ। हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ।

#### ४.१.२ वर्तमान अवस्था

राष्टिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो । पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधारतथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ । त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ । कोटहीमाइ गाउँपालिकामा वि सं २०७७ देखि कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ । त्यसैगरी शैक्षिक सत्र २०७८ देखि आधारभूत तह कक्षा ६-८ को स्थानीय पाठ्यक्रम पनि तयार गरी लागू गरिएको छ । पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ ।विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ ।

**चुनौतिहरू तथा अवसरहरू**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु चुनौतिका रूपमा रहेको छ । त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु , सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्नु ,पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु पनि चुनौतिका रूपमा रहेका छन् । अपाङ्गता, अनाथ असहाय भएका बालबालिकाको लागि अनुकूलको पाठ्यसामाग्रीको व्यवस्था गर्ने आदि पाठ्क्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरू पनि हाम्रा सामु छन् । माध्यमिक तहसम्म नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था , परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को निर्माण र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन् ।

### ४.१.३ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने ।

### ४.१.४ उद्देश्य

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

### ४.१.५ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- शिक्षकको पेसागत सक्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम कार्यन्वयन गरेका विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८1/82 | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन**(तहगतपाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | बिद्यालय | 3 | 3 | 3 | ३ | ३ | १५ | ३० |
| २ | **पाठ्यक्रमको मूल्यांकन**(मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूनापरीक्षण) | पटक | | | | | 1 | १ | १ |
| ३ | **Digital सामाग्रीहरुको कार्यन्वयन**(विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) रशिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाटविकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकासगरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | १० |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुकोपरिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागिप्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ५ | **आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरणतालिम प्रदान गर्ने** | संख्या | 10 | 14 | 14 | 5 | 5 | ४८ | ९६ |
| ६ | **आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थीमुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने**(जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारितमुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा | बिध्यालय | 22 | 22 | 22 | 22 | 22 | २२ | २२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण साथै बिद्यार्थीप्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | | | | | | | | |
| ७ | **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाईसामग्रीहरुको विकास र कार्यान्वयन गर्ने**(जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममासमायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकनपद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | पटक | ० | ० | ० | १ | १ | २ | २ |
| ८ | **बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने**(जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यिन गर्ने, गुणस्तरसुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षियपाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्तपाठ्यपुस्तकहरूको विकास गर्ने) | पटक | | 1 | 1 | 1 | 1 | ४ | ४ |
| ९ | बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रकानिर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृतगर्ने) | पटक | | 1 | | | 1 | | |
| १० | विद्यार्थीको आवधिक मुल्यांकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | स्टिम अवधारणा अनुसार शिक्षण प्रकृया हुने विद्यालय | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | सिकाई पोर्टल को प्रयोग सम्बन्धि शिक्षक क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (CostEstimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | ६०० | ६०० | ६०० | ४०० | २०० | २४०० |
| पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ० | ० | ० | २५० | ५०० | ७५० |
| Digital सामाग्रीहरुकोकार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत) रशिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाटविकास गरिएका सबै सामाग्रीहरुलाईविधुतीय प्रती बनाई तिनलाई e-library को विकासगरीसबैको पँहुच सुनिश्चित गर्ने | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको | ४०० | ४०० | ४०० | | | १२०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | | | | | | |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | ५८८ | ८८२ | ८८२ | | | २३५२ |
| आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | ६२० | ६२० | ६२० | ६२० | ६२० | ३१०० |
| प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | २०० | १२०० | ६००० | ८०० | ८०० | ९००० |
| बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | | ५०० | ० | ० | ५०० | १००० |
| पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु: | | | | | | |
| विद्यार्थीको आवधिक मुल्यांकन | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| स्टिम अवधारणा अनुसार शिक्षण प्रकृया हुने विद्यालय | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| सिकाई पोर्टल को प्रयोग सम्बन्धि शिक्षक क्षमता विकास | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| पाठ्यक्रम र मुल्यांकन कार्यक्रमको जम्मा बजेट (हजारमा) | ३,४०८ | ५,२०२ | ९,५०२ | ३,०७० | ३,६२० | २४८०२ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १ : ४५ शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रुपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम,कार्यशाला ,सेमिनार  कनफरेन्स , कार्यमूलक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न  शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन , शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम  लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य  पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.१ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय त विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने , रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्वन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले , प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

तालिका नं: २२

शिक्षक बिवरण

| | दरबन्दी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | तह | अस्थायी | स्थायी | जम्मा | राहत अनुदान | शिक्षण सिकाइ अनुदान | अनुदान गा.पा | कुल जम्मा |
| १ | वाविके | ३० | ० | ३० | ० | ३ | ० | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | प्राथमिक(१-५) | ६ | ४७ | ५३ | २१ | ० | २१ | ९५ |
| ३ | निम्नमाध्यमिक(६-८) | ० | ३ | ३ | ४ | ९ | १७ | ३३ |
| ४ | माध्यमिक | ० | ७ | ७ | २ | १४ | ३ | २६ |
| ५ | साविक उमातह | ० | ० | ० | २ | ० | १ | ३ |
| | कुल जम्मा | ३६ | ५७ | ९३ | २९ | २३ | ४२ | १८७ |

**स्रोतः गाउँपालिकाको तलबी प्रतिवेदन प्रथम त्रैमासिक २०८१**

कोटहीमाई गाउँपालिकामा  हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रका २,  प्राथमिक तहका ४,आधारभूत तहका ३, माध्यमिक तहका ७ कक्षा  र धामिर्क मदरसा ८ रहेका छन् । शिक्षक विद्यार्थी अनुपात प्राथमिक तहमा १:६३ ,निम्न माध्यमिक तह मा १:१-१०६ र माध्यमिक तहमा  १:२६४  रहेको छ ।

**४.२.२ लक्ष्य**

- गुणस्तरिय शिक्षाका लागि योग्य , व्यावसायिक रुपमा दक्ष , पेसाप्रति उत्प्रेरित , प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने ।

**४.२.३ उद्देश्य**

- सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु।

**४.२.४  रणनीतिहरू**

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,

- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | ८३ | ८३ | ८८ | ९३ | ९८ | १०३ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक | ५ | ५ | ८ | १२ | १५ | १८ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक | 5 | 5 | ५ | १० | १५ | २० |
| ५ | शिक्षकपेसागतसहयोगप्रणाली लागु भएका विद्यालय | 5 | 5 | ५ | ५ | ५ | ५ |

### ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | |
| १ | शिक्षकयोग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण रसमायोजन) | पटक | 1 | | 1 | | 1 | ३ | ६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | पटक | 2 | 2 | 2 | 2 | 2 | १० | १० |
| ३ | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयकोबिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | पटक | 0 | 1 | 1 | 1 | 1 | ४ | ८ |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धीतालिम | जना | 8 | 10 | 15 | 20 | 26 | ७९ | १५८ |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिनेप्रशिक्षण तालिम (TOT) | पटक | | १ | | १ | ० | २ | ४ |
| ६ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षणतालिम | पटक | 0 | १ | | १ | | २ | ४ |
| ७ | ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमातालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | पटक | 0 | १ | 0 | १ | ० | २ | ४ |
| ८ | सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | पटक | | १ | १ | १ | १ | ४ | ८ |
| ९ | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुकालागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | | १ | 1 | १ | १ | ४ | ८ |
| १० | शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ११ | माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| १२ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९०घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | पटक | 0 | १ | `१ | १ | १ | ४ | ८ |
| १३ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १ | भूकम्पप्रभावित नभएका जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा रफर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | बिद्यालय | 2 | 2 | 3 | 3 | 2 | `१२ |
| २ | भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएकाबिद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित बिद्यालयहरूलाई रू. २००,०००/००, कक्षा६-८ सम्म सन्चालित बिद्यालयहरूलाई रू. ३००,०००/०० र माध्यमिक तह सम्म सन्चालितबिद्यालयहरूलाई रू. ५००,०००/००बिद्यालयमर्मत खर्च बापतको अनुदान दिने | बिद्यालय | 8 | 8 | 8 | 5 | 3 | २ |
| ३ | विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहतयोजनाको कार्यान्यन गर्ने | पटक | 1 | 1 | 1 | 1 | 1 | २ |

| क्रसं | प्रमुखक्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| ४ | ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | विद्यालय सङ्ख्या | 0 | 0 | १ | १ | १ | ३ |
| ५ | विद्यालयपूर्वाधार निर्माण तथा व्यवस्थापन | बिद्यालय | ६ | ० | ६ | ० | ७ | १९ |
| ६ | बिद्यालय मा फर्निचर व्यवस्थापन | बिद्यालय | ४ | ४ | ४ | ४ | ३ | १९ |
| ७ | मरम्मत तथा रंगरोगन | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | २० |

४.६.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| भूकम्प प्रभावित नभएका जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | ११०८३ | ११०८२.५ | १४१०५ | १७१२७.५ | १४१०५ | ६७५०३ |
| भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित बिद्यालयहरूलाई रू. २००,०००/००, कक्षा ६-८ सम्म सन्चालित बिद्यालयहरूलाई रू. ३००,०००/०० र माध्यमिक तह सम्म सन्चालित बिद्यालयहरूलाई रू. ५००,०००/०० बिद्यालय मर्मत खर्च बापतको अनुदान दिने | २२४८ | २२४७.५ | २२४८ | २२४७.५ | १३४९ | १०३४० |
| विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | ६२० | ९३० | ६२० | ६२० | ३१० | ३१०० |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| विद्यालय पूर्वाधार निर्माण तथा व्यवस्थापन | १८०० | ० | १८०० | ० | २१०० | ५७०० |
| बिद्यालय मा फर्निचर व्यवस्थापन | ८०० | ८०० | ८०० | ८०० | ६०० | ३८०० |
| बिद्यालय मरम्मत तथा रंगरोगन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| **बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **१७६५१** | **१६१६०** | **२०६७३** | **२१८९५** | **१९५६४** | **९५९४३** |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ। विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र

निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेकव छ। त्यसैगरीनिरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ। माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ।यस पालिका अन्तर्गत सबै विद्यालयहरूमा इन्टरनेट जडान भएको छ। सबै विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ। गाउँपालिकाका सामुदायिक तथा मदरसा विद्यालयहरूमा सुचना तथा संचार प्रविधिको अवस्था यसप्रकार रहेको छ।

**४.७.२ बर्तमान अवस्था** :

कोटाहिमाई, रुपन्देहीमा विद्यालयहरूमा सूचना प्रविधि (आई.सी.टी) विकासको अवस्था प्रारम्भिक चरणमै छ। आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

पालिका भित्र रहेका मदरसा र सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडानको कार्य सम्पन्न भइसकेको छ। सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ । १४ वटा बिद्यालयमा इ हाजिरीको व्यवस्था गरिएको छ । सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर सहायकको व्यवस्था गरिएको छ । केही माध्यमिक तहको विद्यालयहरूमा कम्प्युटर ल्याब , इन्टरनेट पहुँच, र प्रोजेक्टर, डिजिटल बोर्ड जस्ता सुविधाहरु उपलब्ध गरिएको छ भने , सबै बिद्यालय मा भने यी सुविधाहरु सीमित छन्। आई.सी.टी. सामग्रीको अभाव, प्रशिक्षित जनशक्ति र नियमित तालिमको कमीले गर्दा आई.सी.टी शिक्षा पूर्णरूपमा प्रभावकारी हुन सकेको छैन। स्थानीय तह र साझेदार संस्थाहरूको सहयोगमा केही सुधारका प्रयास भइरहेको भए पनि सम्पूर्ण विद्यालयमा डिजिटल शिक्षाको पहुँच विस्तार गर्न थप स्रोत र योजनाबद्ध पहल आवश्यक छ।

सामुदायिक तथा मदरसा विद्यालयहरूमा सुचना तथा संचार प्रविधिको अवस्था यसप्रकार रहेको छ ।

| क्र.स. | विद्यालयको नाम | विजुली जडान | वाइफाई जडान | डेस्टप | ल्यपटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्यूटरप्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बोगडी माध्यमिक बिद्यालय | छ | छ | १ | ० | १ | ० | १ | १ | |
| २ | गणेश सामुदायिक पा बि | छ | छ | ० | १ | १ | ३ | ० | ० | |
| ३ | केशब आधारभूत बिद्यालय | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ४ | मर्चवार आदर्श माध्यमिक बिद्यालय | छ | छ | १ | ० | १ | ० | १ | १ | |
| ५ | मर्यादपुर मा बि | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ६ | नवदुर्गा प्रा बि | छ | छ | ० | १ | १ | ० | ० | ० | |
| ७ | पकडी आधारभूत बिद्यालय | छ | छ | ० | १ | १ | २ | ० | ० | |
| ८ | समयामाई प्रा बि | छ | छ | ० | ० | १ | ० | ० | ० | |
| ९ | शिव शक्ति प्राथमिक | छ | छ | १ | २ | २ | २ | ३ | ० | |
| १० | श्री राम मा बि | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| ११ | श्री जानकी माध्यमिक बिद्यालय | छ | छ | १ | ० | १ | ० | १ | ० | |
| १२ | श्री कटैया आधारभूत बिद्यालय | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १३ | | छ | छ | १ | १ | १ | १ | १ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | श्री लाल बिहारी माध्यमिक बिद्यालय | छ | छ | ० | १ | ० | ० | १ | ० | |
| १५ | श्री तुनिहावा मा बि | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १६ | अल मदरसा अरबिया बाहुल तौहिद | छ | छ | १० | ५ | ३ | ४ | ० | १ | |
| १७ | फातिमा जोहरा गल्स मदरसा | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| १८ | मदरसा अनाबरुतौहिद | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १९ | मदरसा अबु अल अन्सारी | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| २० | मदरसा अल फल्ल्हा तिब्बते दहिया | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| २१ | | छ | छ | १० | ३ | २ | २ | १ | १ | |
| | दारुद तौहिद | छ | छ | | | | | | | |
| | | | | | | | | | | |

### ४.७.३ चुनौती र अवसर

**चुनौतीहरू:**

- आई.सी.टी उपकरण खरिद र मर्मतका लागि बजेट अभाव छ, जसका कारण धेरै विद्यालयमा आवश्यक प्रविधि पुर्‍याउन कठिनाइ हुन्छ।
- कम्प्युटर, इन्टरनेट, र अन्य आईटी उपकरणहरू उपयोग गर्न योग्य प्रशिक्षित शिक्षक र प्राविधिक जनशक्ति अभावमा छन्।
- ग्रामीण क्षेत्रमा इन्टरनेट र विद्युत् आपूर्ति अस्थिर हुँदा नियमित रूपमा आईटी कक्षाहरू सञ्चालनमा समस्या हुन्छ।
- अत्यधिक प्रयोगले आईटी सामग्रीमा समस्या आउँदा त्यसको मर्मतसम्भार गर्न दक्ष जनशक्ति र साधनहरूको कमी छ।
- सूचना प्रविधि विकासमा भएको प्रगति र गुणस्तर सुनिश्चित गर्नका लागि नियमित अनुगमन र मूल्यांकन प्रणालीको अभाव छ।

**अवसरहरू:**

- संघीय र प्रदेश सरकार, गैरसरकारी संस्था, र निजी क्षेत्रसँगको सहकार्यले आई.सी.टी पूर्वाधार निर्माणका लागि आवश्यक स्रोत जुटाउन सकिन्छ।
- विद्यार्थी, शिक्षक र अभिभावकमा डिजिटल शिक्षाप्रति चासो बढेको छ, जसले प्रविधि शिक्षा प्रवर्धनमा सहयोग पुर्‍याउँछ।

- आईटी पूर्वाधारले विद्यार्थीहरूलाई ई-लर्निङ, अनलाइन स्रोत सामग्री, र अन्य डिजिटल सिकाइका अवसरहरूमा पहुँच दिन सक्छ।
- स्थानीय युवालाई आईटी तालिम दिएर विद्यालयहरूमा दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ, जसले रोजगारीका अवसर समेत सिर्जना गर्दछ।
- लागत कम गर्न स्मार्ट उपकरणहरू, लो-कस्ट टेक्नोलोजी, र अन्य नवप्रवर्तनशील प्रविधि प्रयोग गरेर विद्यालयमा सूचना प्रविधिको पहुँच विस्तार गर्न सकिन्छ।

**४.७.४ लक्ष्य**

- सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आइ गुणस्तरीय शिक्षाको प्रबर्द्धन हुने ।

**४.७.५ उद्देश्य**

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने ।
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने।

**४.७.६ रणनीतिहरू**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने।

**४.७.७ प्रमुख उपलब्धि तथा नतिजा**

(क)उपलब्धिः

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुने ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| २ | शिक्षण-सिकाइ | २ | २ | २ | २ | २ | २ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | | | | | | |
| ३ | विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने बिद्यालय संख्या | २ | २ | २ | २ | २ | २ |
| ४ | सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली लागु भएको बिद्यालय संख्या | २ | २ | २ | २ | २ | २ |

### ४.७.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | पटक | | १ | १ | १ | १ | ४ | - |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेटसेवा विस्तार | पटक | | १ | १ | १ | १ | ४ | - |
| ३ | शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथाप्रविधिसम्बन्धि क्षमता विकास | पटक | | १ | १ | १ | १ | ४ | ८ |
| ४ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | | १ | 0 | 0 | १ | २ | ४ |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङसेन्टरको रुपमा विकास | **पटक** | | 0 | 0 | १ | 0 | **१** | **२** |
| ६ | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागिसचेतनामूलक | **पटक** | | १ | १ | १ | १ | **४** | **८** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमहरु सञ्चालन | | | | | | | | |
| ७ | साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतनास्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमान्यूनीकरण गर्ने कार्यक्रम संचालन | **पटक** | | १ | १ | १ | १ | ४ | ८ |
| ८ | भर्चुअलकक्षा सञ्चालन | **पटक** | | १ | १ | १ | १ | ४ | ८ |
| ९ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी रसिसी टिभी क्यामेरा जडान | पटक | | १ | १ | १ | १ | ४ | ८ |

### ४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र. स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य(५ वर्ष)** | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **जम्मा** |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेटसेवा विस्तार | पटक | १ | ० | ० | ० | ० | ५ |
| ३ | शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथाप्रविधिसम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | १ | १ | ० | ० | १ | ३ |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङसेन्टरको रुपमा विकास | पटक | १ | ० | ० | ० | ० | १ |
| ६ | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागिसचेतनामूलक कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतनास्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमान्यूनीकरण गर्ने कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | भर्चुअलकक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी रसिसी टिभी क्यामेरा जडान | पटक | १ | १ | १ | १ | १ | ५ |

### ४.७.८ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | **जम्मा** |
|---|---|---|

| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
|---|---|---|---|---|---|---|
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | २०० | २०० | २०० | २०० | २०० | १००० |
| सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | ५०० | ५०० | ० | ० | ० | १००० |
| शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथा प्रविधिसम्बन्धि क्षमता विकास | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| एक शिक्षक एक ल्यापटप कार्यक्रम | ५०० | ५०० | ० | ० | ५०० | १५०० |
| सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास गर्ने | ५०० | ० | ० | ० | ० | ५०० |
| परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | २०० | २०० | २०० | २०० | २०० | १००० |
| साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण | २५० | २५० | २५० | २५० | २५० | १२५० |
| भर्चुअल कक्षा सञ्चालन | २०० | २०० | २०० | २०० | २०० | १००० |
| सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| **शिक्षामा सूचना तथा सञ्चार प्रविधिकार्यक्रमका लागि प्रस्तावितकार्यक्रमको जम्मा बजेट(हजारमा)** | ४००० | ३५०० | २५०० | २५०० | ३००० | १५५०० |

## ६.१.१ परिचय

देशको बर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ ।राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ|

## ६.१.१ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका सबै विद्यालयहरूको सुशासन, व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिती रहने व्यवस्था छ । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित ) मा व्यवस्था भए अनुसार विद्यालयहरू सञ्चालनमा रहेका छन् । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितीकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ । व्यवस्थापन समितीले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितीको सक्रियतामा सम्पन्न गरिन्छ । विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र व्यवस्थापन गर्ने, आर्थिक सोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ ।

यस गाउँपालीका भित्रका विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ । विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानध्यापकको रहेको छ । शैक्षिक सुशासनकालागी  यस पालीकामा  सवै सामुदायीक विद्यालयमा विद्यालय सुधार

योजना र लेखापरिक्षण, सामाजीक परिक्षण गरेकाका छन् । यस गाउँपालीकाको शैक्षिक सुशासन तथा व्यवस्थापनकोलागी संस्थागत संरचना यस प्रकार रहेको छ ।

| क्र. स. | विद्यालय को नाम | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण भएको | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षामा कतिपटक | बाल क्लब गठन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण भएको | प्रत्येक वर्ष अध्यावधिक भएको | | बार्षिक शैक्षिक योजना | एकाई योजना | दैनिक पाठयोजना निर्माण | गठन भएको | नियमित बैठक बसेको | गठन भएको | नियमित बैठक बसेको | | |
| | बोगडी माध्यमिक बिद्यालय | छ | छ | छ | छ | छ | छ | छैन | छैन | छैन | छैन | १ | छ |
| | गणेश सामुदायिक पा बि | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | कृषक आधारभूत बिद्यालय | छ | छ | छ | छ | छ | छ | छैन | छैन | छैन | छैन | १ | छैन |
| | मर्चवार आदर्श माध्यमिक बिद्यालय | छ | छ | छ | छ | छ | छ | छैन | छैन | छैन | छैन | १ | छ |
| | मर्यादपुर मा बि | छ | छ | छ | छ | छ | छ | छैन | छैन | छैन | छैन | १ | छ |
| | नवदुर्गा प्रा बि | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | पकडी आधारभूत बिद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | समयामाई प्रा बि | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | शिव शक्ति प्राथमिक | छ | छ | छ | छ | छ | छ | छैन | छैन | छैन | छैन | १ | छैन |
| | श्री राम मा बि | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | श्री जानकी माध्यमिक बिद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| | श्री कटैया | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत बिद्यालय | | | | | | | | | | | | |
| | | | | | | | | | | | | १ | |
| | श्री लाल बिहारी माध्यमिक बिद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| | श्री तुनिहावा मा बि | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| | अल मदरसा अरबिया बाहुल तौहिद | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | फातिमा जोहरा गर्ल्स मदरसा | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | मदरसा अनाबरुतौ हिद | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | मदरसा अबु अल अन्सारी | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | मदरसा अल फल्ल्हा तिब्बते दहिया | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | | | | | | | | | | | | | |
| | दारुद तौहिद | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

कोटाहिमाई गाउँपालिकाका विद्यालयहरूमा सुशासन र व्यवस्थापन लागि केही चुनौती र अवसरहरू रहेका छन्।

**चुनौतीहरू:**

- विद्यालय व्यवस्थापन समितिहरूमा प्रायः सदस्यहरूको प्रशासनिक ज्ञान र अनुभव कम हुँदा निर्णयप्रक्रिया प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन।
- विद्यालयको बजेट र खर्च पारदर्शी नहुनु, तथा जिम्मेवारीमा स्पष्टता नहुनु सुशासनको चुनौती बनिरहेको छ।
- विद्यालयको प्रगति तथा कमीकमजोरीलाई समयमै मूल्यांकन नगर्दा योजनाबद्ध सुधार र प्रभावकारी निर्णय लिन कठिनाई हुन्छ।
- विद्यालय र स्थानीय तहबीचको कमजोर समन्वयले स्रोत र व्यवस्थापन सुधारका कार्यहरूमा अवरोध सिर्जना गर्छ।
- व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति र पर्याप्त स्रोतसाधन नहुँदा गुणस्तरीय व्यवस्थापन कायम राख्न चुनौती छ।

**अवसरहरू:**

- संघीय शिक्षा नीतिको कार्यान्वयन गर्दै स्थानीय सरकारसँग सहकार्य गरेर विद्यालयको व्यवस्थापन सुधार गर्न सकिन्छ।
- विद्यालय व्यवस्थापनमा अभिभावक र स्थानीय समुदायलाई सहभागी गराएर उनीहरूको सक्रिय सहयोग र सुझावमार्फत शिक्षा प्रणाली सुधार गर्न सकिन्छ।
- संघीय तथा प्रदेश सरकारका विभिन्न शिक्षा सुधार कार्यक्रम र अनुदानलाई विद्यालय सुशासन तथा व्यवस्थापन सुधारमा उपयोग गर्न सकिन्छ।
- विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम र क्षमता विकासको अवसर प्रदान गरेर उनीहरूलाई सुशासनको प्रक्रियामा संलग्न गराउन सकिन्छ।
- व्यवस्थापन र अनुगमनमा सूचना प्रविधि (जस्तै: डिजिटल रिपोर्टिङ, ट्रान्सपेरेन्सी टूल्स) प्रयोग गरेर पारदर्शिता, जिम्मेवारी, र मूल्यांकन प्रक्रिया सुधार गर्न सकिन्छ।

### ६.१.२ उद्देश्यहरू

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु

### ६.१.३ रणनीतिहरू

१. स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ।
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ।
५. संघ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ।

६. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गरिने छ।
७. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ।
९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।

### ६.१.४उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. स्थानीयतहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ।

(ख) **नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने बिद्यालय संख्या | विद्यालय | ५ | ५ | ५ | ५ | ५ |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने बिद्यालय संख्या | विद्यालय | ५ | ५ | ५ | ५ | ५ |
| ३ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | पटक | ५ | ५ | ५ | ५ | ५ |
| ४ | सिकाईहरुको दस्तावेज तयार हुने बिद्यालय संख्या | विद्यालय | ५ | ५ | ५ | ५ | ५ |

### ६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| १ | स्थानीयतहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास रअध्यावधिकरण गर्ने | पटक | | १ | १ | १ | १ | ४ |
| २ | शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण गर्नेसाथै बार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ |
| ३ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबैकार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक, आर्थिक लेखापरीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधिगर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहकार वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issuesमा | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| | आधारित अनुसन्धान कार्यहरू (बार्षिक कम्तिमा १ समस्यामा) | | | | | | | |
| ५ | स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिममूल्यांकन गर्ने | पटक | | | १ | | १ | २ |
| ६ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्ने (जसमा:- १/२ महिने लामो अवधिको तालिम, शैक्षिक नीति/नियम, योजना, कार्यक्रम, अनुगमन, मुल्यांकन र अन्य बिषय क्षेत्रमा बार्षिक रूपमा अभिमुखीकरण, आदि) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्नेशैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | पटक | | १ | | १ | | २ |
| ८ | विद्यालय सुधारयोजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालयको अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० |
| १० | चौमासिकतथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ११ | विद्यालयकोकार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | विद्यार्थीसिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १३ | शिक्षायोजना प्रवोधिकरण | पटक | | १ | | | १ | २ |
| १४ | स्थानीयतहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास रअध्यावधिकरण गर्ने | पटक | | | १ | | १ | २ |

## ६.१.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | ० | १०० | १०० | १०० | १०० | ४०० |
| शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण गर्ने साथै बार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | २०० | २०० | २०० | २०० | २०० | १००० |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक, आर्थिक लेखापरीक्षण गर्ने | १५० | १५० | १५० | १५० | १५० | ७५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issuesमा आधारित अनुसन्धान कार्यहरू (बार्षिक कम्तिमा १ समस्यामा) | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | ० | ० | ३०० | ० | ३०० | ६०० |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्ने (जसमा:- १/२ महिने लामो अवधिको तालिम, शैक्षिक नीति/नियम, योजना, कार्यक्रम, अनुगमन, मुल्यांकन र अन्य बिषय क्षेत्रमा बार्षिक रूपमा अभिमुखीकरण, आदि) | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्न शैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | ० | २०० | ० | २०० | ० | ४०० |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | ८४० | ८४० | ८४० | ८४० | ८४० | ४२०० |
| विद्यालयको अनुगमन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| विद्यालयको कार्यसम्पादन परीक्षण | २१० | २१० | २१० | २१० | २१० | १०५० |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| शिक्षा योजना प्रवोधिकरण | ० | १०० | ० | ० | १०० | २०० |
| पालिकाको शैक्षिक क्यालेन्डर तयारी तथा प्रकाशन | ० | १५० | १५० | १५० | १५० | ६०० |
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | ० | ० | ० | ० | १०० | १०० |
| **बिद्यालय सुशासन तथा ब्यवस्थापनको जम्मा बजेट (हजारमा)** | **२९५०** | **३५००** | **३५००** | **३४००** | **३७००** | **१७०५०** |

## परिच्छेद ७

## लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय र बर्तमान अवस्था

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो रहेको छ ।

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता

शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन्|

१० वर्षीय शिक्षा क्षेत्र योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

**७.२ उद्देश्यहरू**

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

**७.३ रणनीतिहरू**

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको २०प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी रउत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

**७.५ प्रमुख उपलब्धि तथा नतिजा**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

**सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार बाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका प्राप्त हुने अनुमानित बजेट(लाखमा)**

| क्र.सं. | अनुदान प्राप्त हुनेउपक्षेत्र / विषय | आर्थिक वर्ष अनुसार रकम (लाख मा ) | | | | | **पाँचवर्ष को जम्मा बजेट (हजारमा)** |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |

| क्र.सं. | अनुदान प्राप्त हुनेउपक्षेत्र / विषय | आर्थिक वर्ष अनुसार रकम (लाख मा ) | | | | | **पाँचवर्ष को जम्मा बजेट (हजारमा)** |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | ९९९५६ | ५३५१६ | ५३७५२ | ५३९६८ | ५४१३० | ३१५३२३ |
| २ | ३.२ आधारभूत शिक्षा | ८३७४४ | ८३३४७ | ८८९१२ | ८९४१० | ८९०१९ | ४३६४३४ |
| ३ | ३.३ माध्यमिक शिक्षा | 14,821 | 15,982 | 16,865 | 17,557 | 17,792 | 83,016 |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 200 | 700 | 350 | 850 | 2350 | 4250 |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १३६७७ | १७६७७ | ३७८२७ | २७८२७ | १७९२७ | ११४९३५ |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | ३,४०८ | ५,२०२ | ९,५०२ | ३,०७० | ३,६२० | २४८०२ |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | २८७ | २,१९६ | १,४७८ | २,२२९ | १,४७६ | ७,६६६ |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | ९५ | ७४९ | ११४९ | १५४९ | ३९५२ | ७४९४ |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ६०० | ६५० | ६५० | ६५० | ६५० | ३२०० |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ११५० | १६५० | १३५० | १५०० | १३५० | ७००० |
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | १७६५१ | १६१६० | २०६७३ | २१८९५ | १९५६४ | ९५९४३ |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ४००० | ३५०० | २५०० | २५०० | ३००० | १५५०० |
| १३ | ८.१ अनुगमन तथा मुल्यंकन | २९५० | ३५०० | ३५०० | ३४०० | ३७०० | १७०५० |
| | कुल जम्मा (हजारमा) | 242539 | 204829 | 238508 | 226405 | 218530 | 1132613 |

**७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया**

पालिकाको शिक्षा योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुखक्रियाकलापरलक्ष्यलाइ प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरि क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्र र

अन्तरसम्बन्धित विषयक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धित विषयक्षेत्रगत कार्यक्रम तथा बजेटकोसारांश तपशिलको तालिकामा प्रस्तुत गरिएको छ। माथिको तालिका अनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ। उपक्षेत्रगत र र अन्तरसम्बन्धित विषयक्षेत्रका क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा उल्लेख गरिएको छ।

## परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन। कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरिक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ८.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ। खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरुलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएके छ। बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

अनुगमन प्रकृया तपसिल बमोजिम हुने गरेको छ :

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | अध्यक्ष तथा | त्रैमासिक | |

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | | पदाधिकारी | | कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

**८.३ उद्देश्य**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

**८.४ रणनीति**

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनावा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने

**८.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

**ख) नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।

**२.** नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

### ८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | ० | १ | | | | १ | १ |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेद`न तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ | १२ |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | | १ | | | १ | २ | १ |
| ५ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |